छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ •अंक ८५ • २०७९ साल साउन २८ गते शनिबार (13 August, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो। सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ। त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बोक्सी आरोपमा मलमूत्र खुवाउने प्रयास

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको दक्षिणी इलाका सुदामामा महिला-महिलाबीच भएको सामान्य विवादमा बोक्सी आरोप लगाएर प्रहरीमा निवेदन दिइएको छ। महिलालाई सामान्य विवादमा पनि बोक्सीको गम्भीर आरोप लगाउन थालिएको छ।

बलरा नगरपालिका-१० सुदामामा गत आइतबार महिला-महिलाबीच विवादपछि झगडा भएको थियो। माली र हजाम दुई परिवारबीच भएको विवादले राजनीतिक रूप लिँदा एक पक्षले बोक्सी आरोप लगाई मलमूत्र खुवाउने प्रयास गरेको भन्दै जिल्ला प्रहरीमा निवेदन दर्ता गराएका छन्। अर्को पक्षले भने गालीगलौज गरेको भन्दै कारबाहीका लागि निवेदन दर्ता गराएका छन्। सामान्य विवादमा दुबैतर्फबाट निवेदन परेको जिल्ला प्रहरी कार्यालय महिला सेलले जनाएको छ।

आइतबार भएको दुई पक्ष बीचको झगडामा मंगलबार हजाम पक्षकी एकल महिला ३६ वर्षीया रितादेवी ठाकुर आफूमाथि बोक्सी आरोपमा कुटपिटसहित मलमूत्र खुवाउने प्रयास गरेको भन्दै घाउजाँच गरी कारबाही गरी पाउँ भनेर निवेदन दिएकी छन्।

उनले सोही ठाउँका चुनचुन र सञ्जय भण्डारीले गालीगलौज गरी लछारपछार गर्दै निर्घात कुटपिट गरेको भनेर निवेदनमा उल्लेख गरेकी छन्। 'मेरो आँगनमा आएर हूलहुज्जत गरी बोक्सी आरोप लगाउँदै निर्घात कुटपिट गरेका छन्। भण्डारी दुई दाजुभाइमध्ये एक जना छातीमा बसेर अर्काको बिष्टा खुवाउने प्रयास गरे,' उनले निवेदनमा भनेकी छन्, 'छरछिमेकका कारण दिसा खुवाउनबाट नसके पनि अहिले पनि मेरो जीउज्यानमाथि धम्की दिइरहेका छन्।' प्रादेशिक अस्पतालमा चेकजाँच गराएकी ठाकुरको सामान्य चोटपटक रहेको चिकित्सकले बताएका छन्। श्रीमान् मुकेश ठाकुरको केही समयअघि मृत्यु भएपश्चात रिता १६ वर्षको एक छोरा र ७ वर्षकी एक छोरीसहित करिब १५ वर्षका एक भान्जासमेत साथमै बस्दै आएकी छन्।

ठाकुर पक्षको निवेदन परेपछि भण्डारी पक्षले समेत बुधबार जिल्ला प्रहरीमा पुगेर रितादेवी ठाकुरले गालीगलौज गरेको भन्दै कारबाहीका लागि निवेदन दर्ता गराएका छन्। ठाकुरले हुँदै नभएको घटनाको कल्पना गरी निवेदन दिएको बताएका छन्। 'महिला-महिलामा सामान्य झैझगडा भएको थियो, गाउँघरमा यस्ता सामान्य झगडा हुने गर्छ, यसलाई सरलीकरण गर्नुपर्ने ठाउँमा मलाई नै बोक्सी आरोपमा विपक्षी बनाएर निवेदन दिए,' भण्डारीले भने।

बालक ठाकुरले झगडा र गालीगलौज दुवै पक्षबाट भएको बताए। 'कपाल काट्नु छ भनेर हजमा छिटो आऊ भनेर बोलाए, मैले पनि मलियवा आउँदै छु भनेर भनिदिएँ, त्यतिकैमा दुबै पक्षका महिलाबीचमा हजमिनिया र मलिनियाँ भनेर गालीगलौज र कपाल तानातान भयो,' उनले भने, 'दुबैतिरका महिलाले डयनियाँ भनेर निकै बेर झगडा गरे।' सामान्य वादविवाद तथा झैझगडामा दुबै पक्षबाट निवेदन परेको जनाउँदै एकले बोक्सीको आरोप तथा अर्कोले गाली बेइज्जतिमा निवेदन दर्ता गराएको प्रहरी प्रवक्ता विजय यादवले बताए।

'यो सामान्य दुई पक्षबीच झैझगडा मात्र हो, मधेशमा महिला-महिलाबीच डायन (बोक्सी) भनेर झगडा गर्ने गरेका छन्,' प्रहरी नायब उपरीक्षक यादवले भने, 'यो झगडालाई राजनीतिकरण गरिएको छ, वास्तविक बोक्सी आरोप लगाएको अहिलेसम्मको अनुसन्धानमा फेला परेको छैन।'

गाउँ-गाउँमा सामान्य वादविवाद तथा झैझगडामा राजनीति पस्नु सर्लाहीमा नौलो भने होइन। नागरिक अगुवा रजनीकान्त झाले गलत आरोप लगाउँदा विपक्षीको पनि मानवअधिकारको हनन हुने गरेकाले यसतर्फ सरोकारवालालाई ध्यान दिनुपर्ने बताए।

# मातृका र गिरिराजलाई प्रचण्डको झपाड, गुटबन्दी नगर्न निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका मधेश प्रदेशका दुई प्रभावशाली नेता मातृका प्रसाद यादव र गिरिराजमणि पोखरेललाई पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गुटबन्दी नगरी संग संग हिड्न निर्देशन दिएका छन् । अध्यक्ष प्रचण्डले गुटबन्दीका कारण मधेश प्रदेशमा पार्टी कमजोर हुँदै गएको भन्दै दुबै नेतालाई झपाडेको स्रोतको दाबी छ।

स्थानीय स्तरमा पार्टीलाई बलियो बनाउने बेला गुटबन्दीमा लागेका कारण पार्टी दिनप्रतिदिन कमजोर हुँदै गएको भन्दै अध्यक्ष प्रचण्डले मधेश प्रदेशमा देखिएको गुटबन्दी मत्थर पार्न पहल थालेका छन् । सोहीअनुसार प्रचण्डले दुई नेतालाई खुमलटारमा बोलाएर प्रदेश र संघीय चुनावमा पार्टीलाई एकढिक्का बनाउन निर्देशन दिएका छन् ।

प्रचण्डले यो वा त्यो नाममा गुटबन्दी नचल्ने भन्दै पार्टीलाई केन्द्रित बनाउन निर्देशन दिएको एक नेताले जानकारी दिए । प्रचण्डले गत साउन २० गते जापान जानुअघि स्थायी समिति सदस्यद्वय यादव र पोखरेललाई खुमलटार बोलाएर छलफल गरेका थिए।

पार्टी वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई समेतसँगै राखेर भएको छलफलमा प्रचण्डले दुई नेता मिलेर अघि बढे मधेशमा पार्टीलाई पुरानै अवस्थामा फर्काउन सकिने धारणा राखेका थिए। 'मधेशमा माओवादी नमिल्दा अरु प्रक्रियावादीले फाइदा उठाए। हामी हार्दा मधेशी, जनजाति दलित, मुस्लिम, अल्पसंख्यक वर्ग र समुदाय कमजोर भए। अब प्रदेश र संघको चुनावमा हामी कमजोर हुने छुट छैन' खुमलटार भेटका विषयमा उल्लेख गर्दै एक स्थायी समिति सदस्यले भने, 'तपाईहरु पूर्व एकता केन्द्र मसाल वा माओवादीका नाममा यस्तै प्रचण्ड वा नारायणकाजी गुटका नाममा राजनीति गर्न पाउनुहुन्न। मधेशमा माओवादीको गुट छ भने माओवादी मात्रै छ।'

> **स्थानीय स्तरमा पार्टीलाई बलियो बनाउने बेला गुटबन्दीमा लागेका कारण पार्टी दिनप्रतिदिन कमजोर हुँदै गएको भन्दै अध्यक्ष प्रचण्डले मधेश प्रदेशको देखिएको गुटबन्दी मत्थर पार्न पहल थालेका छन् । सोहीअनुसार प्रचण्डले दुई नेतालाई खुमलटारमा बोलाएर प्रदेश र संघीय चुनावमा पार्टीलाई एकढिक्का बनाउन निर्देशन दिएका छन् ।**

यदि कुनै नेताको मन मस्तिष्कमा आग्रह पूर्वाग्रह भए त्यसलाई त्यागेर ८ जिल्लाको संगठन परिचालनमा केन्द्रित हुन प्रचण्डले आग्रह गरेका थिए । 'पार्टीमा कसलाई न्याय भयो कसलाई अन्याय भयो त्यो सबै मैले बुझेको छु। अहिले न्याय अन्याय छुट्याउने बेला छैन' प्रचण्डको भनाई उल्लेख गर्दै ती नेताले भने, 'प्रदेश र संघको चुनाव सकिएपछि सबै घटनाक्रमको विश्लेषण गरेर उचित न्याय दिइनेछ।'

सो क्रममा प्रचण्डले दुबै नेतालाई मधेशको कार्यक्रममा सँगसँगै हिँड्न पनि निर्देशन दिएको ती नेताले बताए। सो निर्देशनपछि उनीहरुले मधेशका पर्सा र सर्लाही जिल्लामा पुगेर पार्टी अगुवा नेता कार्यकर्तालाई चुनावमा केन्द्रित हुन निर्देशन दिइ सकेका छन् । दुई नेता अरु जिल्लामा समेत पुगेर चुनाव केन्द्रित भेला, प्रशिक्षण र संगठन परिचालन गर्ने बताइएको छ।

मधेशमा मातृका र गिरिराजमणि गुटमा विभाजित हुँदा गत वैशाख ३० गतेको स्थानीय चुनावमा माओवादीले खराब नतिजा ल्याएको थियो । २०७४ सालको चुनावमा माओवादीले २१ स्थानीय तह जिते पनि गुटबन्दी हुँदा गत वैशाख ३० गतेको चुनावमा ९ तह मात्रै जितेको थियो । यो विषय पार्टीभित्र बारम्बार जोडतोडका साथ उठ्दै आएको छ भने गत केन्द्रीय समिति बैठकमा पनि प्रचण्डले गुटबन्दी नगर्न निर्देशन दिएका थिए। यस्तै अन्तर्घातबारे छानबिन गर्न समिति नै बनाइएको थियो । समितिले हालसम्म रिपोर्ट भने दिन सकेको छैन।

पार्टीमा एकले अर्कोलाई असहयोग गर्ने स्थिति भएकै कारण मधेशमा माओवादी कमजोर भएको माओवादीको निष्कर्ष छ । त्यसलाई मध्यनजर गर्दै प्रचण्डले दुबै नेतालाई बोलाएर संगठन निर्माणमा जुट्न निर्देशन दिएका हुन् । मधेश प्रदेशमा अध्यक्ष समेत नरहेकाले अध्यक्ष प्रचण्ड आफैले केन्द्रबाट हेरेका छन्।

## निहारिकाद्वारा आत्मदाहको प्रयास

**टुडे समाचारदाता**

काठमाण्डु । पेट्रोल छर्केर राष्ट्रपति भवन शीतल निवास अगाडि आत्मदाह प्रयास गरेकी महोत्तरीकी निहारिका राजपुतका रूपमा चिनिएकी सोनालीकुमारी सिंहलाई प्रहरीले त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना गरेको छ।

आत्मदाहको प्रयासपछि प्रहरीको नियन्त्रणमा रहेकी निहारिका स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अपस्ताल भर्ना गरिएको छ।



आफूलाई नशालु पदार्थ सेवन गराएर बलात्कार गर्ने व्यक्तिलाई कारबाही नभएको भन्दै निहारिकाले शुक्रबार दिउँसो राष्ट्रपति भवन अगाडिको मूल सडकमै पेट्रोल छर्केर आत्मदाह प्रयास गरेकी थिइन्। निहारिकाले शरीरमा पेट्रोल छर्केको देखेपछि तत्कालै प्रहरीको टोलीले नियन्त्रणमा लिएका कारण अप्रिय घटना हुन पाएको थिएन।

त्यसपछि प्रहरी वृत्त महाराजगञ्जमा राखेर केही बेरमा उनको स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएको थियो । स्वास्थ्य जाँचपछि निहारिकालाई अस्पताल भर्ना गरिएको महाराजगञ्ज वृत्त प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) अंगुर जिसीले बताए । 'घटनास्थलबाट उठाएर उहाँलाई केहीबेर प्रहरी वृत्तमा राखेका थियौं, त्यसपछि स्वास्थ्य जाँच गर्न अस्पताल लगिएकोमा चिकित्सकसँगको परामर्शपछि हाललाई अस्पताल भर्ना गरिएको छ,' डीएसपी जिसीले भने।

महोत्तरीको जलेश्वर नगरपालिका-९ की निहारिकाले आफूलाई शिवराम श्रेष्ठ भन्ने व्यक्तिले नशालु पदार्थ सेवन गराएर बलात्कार गरेको दाबी गर्दै आरोपितलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरेर २०७९ जेठ २७ देखि धर्ना र अनसन बसेकी थिइन्। उनका एक छोरा छन्।

काठमाण्डुको माइतीघर र वसन्तपुरमा अनसन बसेकी उनीसँग असार ३ मा उनका माग पूरा गर्ने प्रतिबद्धतासहित गृहमन्त्री वालकृष्ण खाँणले नै अनसन तोडाएका थिए। अनसन तोड्ने सहमति गर्दा गृह मन्त्रालयका सहसचिव शिवराम पोखरेल र उपसचिव वसन्त भट्टराई, अनसनरत निहारिका राजपुत भनिने (सोनालीकुमारी सिंह), सिंहको तर्फबाट बाराकी सावित्रा सुवेदी र रामेछापकी सुनिता गौतम तथा पत्रकार लोक्सरी कुँवरले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए।

सहमतिपत्रमा आरोपित व्यक्ति र आफ्ना छोराको डीएनए परीक्षणका लागि कानूनी प्रक्रिया अघि बढाउन पहल गर्ने, निहारिका र उनका छोराको सुरक्षा, आवास व्यवस्थापनका लागि गृह मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमार्फत पहल गर्ने, न्याय प्राप्तिका लागि राज्यका सम्पूर्ण निकाय पीडित मैत्री बनाउन पहल गर्ने, अनसनकर्ताको आर्थिक सहायताका लागि गृह मन्त्रालयमार्फत पहल गर्ने र अन्तिममा गृहमन्त्री खाँणबाट जुस पिएर अनशन तोड्ने गरी ५ बुँदे सहमति भएको थियो । उक्त सम्झौतापछि अनसन तोडेकी निहारिकाले माग पुरा नभएपछि पुनः आन्दोलन सुरु गरिन्।

पछिल्लो पटक साउन २० मा सिंहदरबार दक्षिण ढोकाअघि आमरण अनसनमा बस्ने प्रयास गरेपछि प्रहरीले नियन्त्रणमा लिएको थियो । त्यसको अर्को साता शुक्रबार वसन्तपुरबाट ट्याक्सी चढेर छोरासहित महाराजगञ्ज पुगेकी निहारिका ट्याक्सीबाट ओर्लिएलगत्तै हातमा बोकेको बोतलबाट शरीरमा पेट्रोल छर्केकी थिइन्। त्यसपछि तत्कालै शीतल निवास अगाडि रहेका प्रहरीले उनलाई अप्रिय घटना हुन नपाउँदै नियन्त्रणमा लिएर महाराजगञ्ज वृत्त पुऱ्याएको थियो।

त्यसपछि स्वास्थ्य जाँच गर्न अस्पताल लगिएकी निहारिकाले आफूसँग सरकारले गरेको सहमति कार्यान्वयन नभएकोले आत्मदाहको बाटो रोजेको बताएकी छन्।

'मैले न्याय पाइनँ, सरकारले गरेको ५ बुँदे सम्झौतामा उल्लेख भएअनुसार मेरो छोरा र आरोपितको डीएनए परीक्षण पनि भएन, आरोपित व्यक्तिलाई पनि पक्राउ गरिएन त्यसैले मर्नलाई शरीरमा पेट्रोल छर्केको हो।' उनले आत्मदाह प्रयास गरेलगत्तै प्रहरीले गृह मन्त्रालयमा पनि त्यसबारे जानकारी गराएको छ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म

प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851





# बर्दिवास उपशाखाको सभापतिमा सुदीप सर्वसम्मत




**टुडे समाचारदाता**

बर्दिवास । नेपाल रेडक्रस सोसाइटी बर्दिवास उपशाखाको ७ औं वार्षिक सभाबाट रेवन्त कार्की (सुदीप) लाई उपशाखाको सभापति पदमा चयन गरेको छ।

सभाले महोत्तरी जिल्ला शाखाको प्रतिनिधिको उपस्थितिमा उप-सभापतिमा उषा ढकाल, सचिवमा टिकाबहादुर बस्नेत (गणेश), कोषाध्यक्ष नवराज तिमल्सिना लगायत ११ सदस्यीय कार्यसमिति सर्वसम्मतिले गठन गरेको छ।

मुकुन्द प्रसाद पौडेलको अध्यक्षता, मधेश प्रदेश सभा सदस्य शारदादेवी थापा,बर्दिवास नगरपालिकाको नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री सभामा उपस्थिति थियो।

# ७८१ मा संक्रमण, दुईको मृत्यु

काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा सात सय ८१ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमणका कारण दुई जनाको मृत्यु भएको छ । सो अवधिमा चार हजार सात सय १२ जनाको नमूना परीक्षण गरिएको थियो ।

दुई हजार दुई सय ९० जनाले पिसीआर र दुई हजार चार सय २२ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा २३ हजार आठ सय एक जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । सो अवधिमा पाँच सय ११ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको संख्या नौ लाख ७४ हजार आठ सय छ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार सात सय ७५ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ८४ पुगेको छ । होम आइसोलेशनमा पाँच हजार पाँच सय ६५, संस्थागत आइसोलेसनमा दुई सय १०, आइसीयू ६३ र भेन्टिलेटरमा आठ सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् भने दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा मोरङ रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट र हुम्ला छन् ।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार आठ सय ६४, ललितपुर आठ सय ९३ र भक्तपुरमा ८८ सक्रिय सङ्क्रमित रहेका छन् । कुल सङ्क्रमण दर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।रासस

# मिथिलामा 'राखी' पर्व मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलामा 'राखी' पर्व मनाइएको छ । साउन पूर्णिमाका दिन मनाइने 'राखी' पर्वका लागि मैथिल दिदीबहिनी आफ्ना दाजुभाइलाई 'राखी' रोज्नदेखि खुवाइने मिष्टान्न परिकारको जोहोमा व्यस्त भएका थिए। मिथिलामा दाजुभाइ/दिदीबहिनीबीच प्रेम, सद्भाव र समर्पण झल्कने राखी, भैयादूज र सामा पर्व मनाइन्छ । यी पर्वमध्ये साउन पूर्णिमाका दिन मनाइने 'राखी' विशेष चहलपहलयुक्त हुने गरेको छ। हिन्दू नेपाली परम्परामा रक्षाबन्धन भनिने यो पर्व मिथिलाका दाजुभाइ/दिदीबहिनीबीच 'राखी' का नाउँमा प्रसिद्ध छ । पर्वमा दिदीबहिनीले दाजुभाइलाई कलात्मक धागोका रङ्गीचङ्गी डोरा (राखी) दायाँ हातको नाडीमा बाँधी दिएर सौर्यवृद्धिको कामना गर्छन्।

अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मर्त्य र पाताल) का राजा दानवराज वलिलाई युद्धमा जानअघि दिदीबहिनी गङ्गा र जमुनाले विजयको कामना गर्दै दायाँ हातको नाडीमा 'रक्षाकवच' स्वरुप अभिमन्त्रित डोरा बाँधी दिएका सम्झनामा यो पर्व परम्परा चलेको विश्वास गरिन्छ। यसैदिन कूल पुरोहितले पनि वैदिक मन्त्रले अभिमन्त्रित डोरा यजमानलाई बाँधी दिने परम्परा छ। यो पनि दानवराज वलिलाई



गुरु शुक्रचार्यले युद्धमा जानअघि शास्त्रोक्त विधिले डोरा अभिमन्त्रित गरेर बाँधीदिएका विश्वास गरिन्छ । यसैको प्रभावले राजावलि देवतासँगको युद्धमा विजयी भएको पुराण वर्णित कथा छ।


पर्वका अवसरमा विवाहित दिदीबहिनी दाजुभाइका घर गएर वा दाजुभाइलाई आफ्नै घर बोलाएर पर्व मनाउँछन् । अविवाहित दिदीबहिनीले त सँगै एउटै परिवारमा रहेका दाजुभाइसँग यो पर्व मनाउँछन् । पर्वमा दिदीबहिनीले दाजुभाइको सौर्यवृद्धिको कामना गर्दै 'राखी' बाँधी दिएर 'हमर भैया जिए सौ बरिस' (मेरा दाजुभाइ सय वर्ष बाँचुन्) भन्दै सगुनस्वरुप मिष्टान्न परिकार खुवाउँछन् । पर्वमा दाजुभाइले दिदीबहिनीबाट 'राखी बाँधेपछि उनीहरुलाई पनि 'राखी' बाँधी दिएर वस्त्रआभूषण र दक्षिणा दिने चलन छ। आफ्ना दाजुभाइ/दिदीबहिनी नहुनेले नजिकको यस्तो नाता पहिल्याएर पर्व मनाउँछन् । मिथिलामा यो पर्व फरक धर्म परम्पराका बीचमा पनि उत्तिकै लोकप्रिय हुँदैछ।

पर्वले प्राचीन मिथिलाक्षेत्रमा निकै चहलपहल बढेको छ । प्रत्येक बस्तीबस्तीका चोकचोकमा विभिन्न रङ्गका कलात्मक राखी बेच्न राखिएका छन् । मिथिलामा यो व्यापार केही दिन पहिलेदेखि नै जमेको छ। त्यसैगरी शुक्रवार मिठाई र फलफूलको व्यापार पनि पर्व विशेषले ह्वात्तै बढेको छ । पर्वका अवसरमा विगतदेखि नै सरकारले सार्वजनिक बिदा दिँदै आएको छ।

पुस्तक समीक्षा

# नेपाली चलचित्रको इतिहास, पात्र र प्रवृत्तिको सँगालो

काठमाण्डु । नेपाली चलचित्रको इतिहास सात दशक लामो छ । भारतमा निर्मित पहिलो नेपाली चलचित्र 'सत्य हरिश्चन्द्र' र विसं २०२२ मा नेपालमा छायाङ्कन गरिएको पहिलो चलचित्र 'आमा'देखि हालसम्मका यस क्षेत्रभित्रका अन्तरकुन्तर अनगिन्ती छन् । नेपाली चलचित्रको एउटा सिङ्गो इतिहास मानिने 'शाही नेपाल चलचित्र संस्थान' अहिले फरक रुपमा अस्तित्वमा छ । यस बेलामा अगुवाहरु साक्षीका रुपमा हाम्रा अगाडि छन् । कतिपयले भौतिक चोला गुमाइसकेका छन् । नेपाली चलचित्रका तिनै आयामहरुलाई समेटिने गरी चलचित्र पत्रकार जीवन पराजुलीले 'क्लोज-अप' पुस्तक बजारमा ल्याएका छन् ।




नेपाली चलचित्रका विविधपक्ष र पात्रमा आधारित यो पुस्तक नेपाली चलचित्रका विभिन्न कालखण्डमा योगदान दिने साठी भन्दा बढी व्यक्तिहरुसँग संवाद गरी तयार भएको हो । डेढदशकदेखि मनोरञ्जन विधामा रहेर पत्रकारिता गर्दै आएका पराजुलीले मेहनतपूर्वक तयार गरेको पुस्तकमा 'शाही नेपाल चलचित्र संस्थान'देखि पछिल्ला उतारचढालाई जीवनीको माध्यमबाट व्यक्त गरिएको छ।

उक्त जुन दरबारको सक्रियतामा सुरु भएको थियो, आज एउटा पब्लिक कम्पनीको रुपमा रहेको छ। यसको इतिहास र वर्तमानलाई लेखकले संस्थानका पहिलो महाप्रबन्धक यादव खरेल एवं संस्थानमा लामो समय कर्मचारीको रुपमा काम गरेका चेतन कार्कीसँग पराजुलीले गरेको संवाद पस्किएका छन् । कार्की अहिले जीवित हुनुहुन्न । भारतबाट नेपाल आएर नेपाली चलचित्रमा योगदान दिने केही कलाकार, निर्देशक तथा सङ्गीतकर्मीहरुसँग गरिएको संवाद पुस्तकमा समावेश छ। भाषाले नेपाली तर नागरिकको हिसाबमा भारतीय हुँदा उनीहरुले भोग्नुपरेका कठिनाइ उतारिएको छ त्यति हुँदाहुँदै पनि नेपाली चलचित्रलाई उनीहरुले दिएको योगदानको चर्चा गरिएको छ।

लगातार पच्चीस वर्ष भारतको सिक्किमको मुख्यमन्त्री बन्नुभएका पवन चाम्लिङ, जसले सिक्किममा नेपाली चलचित्रको अविभावकको जिम्मेवारी पूरा गरे उहाँसँग समेत संवाद गरी समावेश गरिएको छ । तीन सयभन्दा बढी नेपाली चलचित्रमा अभिनय गरी नेपाली दर्शकबाट महानायकको उपाधिसमेत पाउन सफल राजेश हमाल र उनीसँग जोडिएर आउने प्रमुख पात्रहरुको खण्ड पुस्तकको रोचक पक्ष हो।

सफल अभिनेता हुन के कति सङ्घर्ष, व्यवस्थापन तथा मेहनतको जरुरी छ भन्ने हमालका अनुभवबाट सिद्ध हुन्छ। हालसम्ममा नेपाली फिचर चलचित्र निर्देशनमा जम्मा १४ जना मात्र महिला निर्देशक भएको बेग्लै खण्डले पाठकलाई नयाँ खुराक दिएको छ । आधा शताब्दी भन्दा लामो नेपाली चलचित्रको इतिहासमा नेपाली चलचित्रले जम्मा १४ जना निर्देशक पाएको यथार्थ यस पुस्तकले बाहिर ल्याएको छ । किन महिलाहरु चलचित्र निर्देशनमा थोरै छन् ? उनीहरुले किन निरन्तरता दिन सकेनन् ? निर्देशन गर्ने महिलाको अवस्था कस्तो छ ? यस्तै यावत् प्रश्नहरुको जवाफ यस पुस्तकले दिएको छ।

नेपाली चलचित्र निर्देशनमा सञ्चारकर्मी बाक्लो उपस्थिति छ। भुषण दाहाल, नवीन सुब्बा, मनोज पण्डित, दीपेन्द्र लामा जस्ता २८ सञ्चारकर्मीहरु जसले नेपाली चलचित्र उद्योगमा आफ्ना चलचित्रबाट उथलपुथल बनाएका छन् । सञ्चारकर्मी दाहालले पहिलो नेपाली डिजिटल चलचित्र 'कागबेनी' निर्देशन गरी चलचित्र निर्माणको तरिका नै बदल्न सफल रहेको प्रसङ्ग सुब्बाले निर्देशन गरेको चलचित्र 'नुमाफुङग' ले पहिलो पटक नेपाली चलचित्रले अन्तर्राष्ट्रिय बजार पाएको सन्दर्भ तथा लामो समय चलचित्र समीक्षाममा कलम कुँदाएका पण्डित र लामाले बनाएका चलचित्रले दिएका फरक सन्देश यस पुस्तकमा गहिरो गरी अभिलेख गरिएको छ।

आफ्नो 'करिअर' खोज्दै भारतमा भौँतारिन पुगेका केही विशिष्ट व्यक्ति जस्तैः गायक उदित नारायण झा, निर्देशक शम्भु प्रधान, सङ्गीतकार मुरलीधर, अभिनेता टीका पहारीलगायतका प्रसङ्ग पनि रोचक रुपमा लेखिएको छ । चलचित्र क्षेत्रमा आवद्ध व्यक्तिका बारेका खोजी हुँदा सतही र विरोधाभासपूर्ण जानकारी मात्र पाइने अवस्थाबाट यस पुस्तकले धेरै हदसम्म बाहिर निस्कन मद्दत गरेको अनुभव गर्न सकिन्छ।

एउटै पुस्तकमा सबैलाई समेट्न नसकिने हुँदा यस पुस्तकमा केही पक्ष छुटेको महसुस भए तापनि अन्य खण्ड प्रकाशित गर्ने जानकारी लेखक पराजुलीले पुस्तकमार्फत दिएका छन् यस पुस्तकले पहिलो पटक नेपाली चलचित्र उद्योगका धेरै रोचक प्रसङ्ग, केही रहस्य अनि परिचित पात्रका अपरिचित प्रसङ्गहरु बाहिर ल्याउन सफलता पाएको छ । समग्रमा पुस्तकमा समेटिएका पात्रका परिचय, प्रवेश, भोगाइ र बुझाइले नेपाली चलचित्र उद्योगलाई अलग आयामबाट बुझ्न सघाएको छ।रासस

# प्रदेश मन्त्रिपरिषद् समावेशी नहुँदा नवनियुक्त मन्त्रीको शपथ रोकियो

कर्णाली । कर्णाली प्रदेश सरकारका नवनियुक्त उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री वीरबहादुर शाहीको शपथ रोकिएको छ । मुख्यमन्त्री जीवनबहादुर शाहीले बिहीबार नेपालको संविधानको धारा १६८ (९) बमोजिम नेकपा (माओवादी केन्द्र) का प्रदेशसभा सदस्य शाहीलाई मन्त्री पदमा नियुक्त गर्नुभएको थियो।

प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव भीमराज थानीले अदालतको पत्रले तत्काल शपथ कार्यक्रम रोकिएको जानकारी दिनुभयो । "पहिला अदालतको पत्र आइपुग्यो, मुख्यमन्त्रीले मन्त्री नियुक्त गरेको पत्र बिहीबार साँझ प्राप्त भयो, उहाँले भन्नुभयो, "उच्च अदालतको निर्देशनात्मक आदेशका कारण तत्काललाई शपथ रोकिएको छ।'

गैरसांसद छिरिङडम्डुल लामा (कार्चेन)को कार्यकाल स्वतः सकिएपछि रिक्त मन्त्रालयको जिम्मेवारीमा माओवादी केन्द्रले डोल्पाबाट निर्वाचित प्रदेशसभा सदस्य शाहीलाई सिफारिस गरेको थियो । कार्चेन नियुक्तिविरुद्ध २०७८ माघ अन्तिम साता परेको रिट निवेदनको बुधबार अन्तिम सुनुवाइ गर्दै उच्च अदालतले मन्त्रिपरिषद् गठनमा समावेशी सिद्धान्त अपनाउन निर्देशनात्मक आदेश दिएको हो । आठ सदस्यीय मन्त्रिपरिषद्मा महिलाको प्रतिनिधित्व नभएपछि अदालतले फैसलाको जानकारी गराउँदै आदेशानुसार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र प्रदेश प्रमुखको कार्यालयलाई ध्यानाकर्षण गराएको हो।

अदालतका रजिष्ट्रार अर्जुनप्रसाद कोइरालाद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा भनिएको छ, "नेपालको संविधानको प्रस्तावनामा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प उल्लेख भएको, समावेशी समानुपातिक सिद्धान्तका आधारमा प्रदेश मन्त्रिपरिषद् गठन गर्नुपर्ने संवैधानिक व्यवस्था संविधानको १६८ (९) मा उल्लेख भएको परिप्रेक्ष्यमा प्रदेश मन्त्रिपरिषद् गठन गर्दा संविधानको मर्म र भावनामुताविक वर्ग, लिङ्ग, जात र क्षेत्रको प्रतिनिधित्वतर्फ कर्णाली प्रदेशका प्रदेश प्रमुख र मुख्यमन्त्रीले समुचित ध्यान दिएको देखिएन । अब मन्त्रिमण्डल गठन गर्दा समावेशी सिद्धान्तबमोजिम भए/नभएतर्फ संवेदनशील भई आ-आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न/गराउन ध्यानाकर्षण गराइएको छ।'रासस

# नेपाल भारतको सम्बन्ध आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने

**टुडे समाचारदाता**

वीरगञ्ज । उपसभामुख पुष्पा भुषालले नेपाल भारतबीच रहेको परम्परागत सम्बन्धलाई आगामी दिनमा आर्थिक विकासमा केन्द्रित गर्नुपर्ने धारणा व्यक्त गरेकी छन् ।

रक्षावन्धनको अवसरमा शुक्रबार पर्साको वीरगञ्जमा नेपाल-भारत सहयोग मन्चद्वारा आयोजित कार्यक्रममा उनले सामाजिक, सांस्कृतिक र कुटनीतिक रुपमा रहेको सम्बन्ध आर्थिक क्रियाकलाप र पूर्वाधार विकासमा विस्तार गर्नुपर्ने धारणा व्यक्त गरिन।




भारतका सांसद एवंम् भारतीय जनता पार्टीका नेता डा.सञ्जय जयसवालले नेपाल र भारतबीचको सम्बन्ध आगामी दिनमा अझै बलियो र सुमधुर बनाउँदै लानुपर्ने धारणा राखे ।


मधेश प्रदेशका खानेपानी तथा ऊर्जा विकास मन्त्री ओमप्रकाश शर्मा, पूर्वमन्त्री अजय चौरसिया, वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहलगायतले नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्धबारे चर्चा गरेका थिए।

# कांग्रेस प्रवक्ता डा महतद्वारा बाढीपहिरोग्रस्त क्षेत्रको निरीक्षण

काठमाण्डु । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले बुधबार र बिहीबार नुवाकोट क्षेत्र नं १ का बाढीपहिरो प्रभावित क्षेत्रको निरीक्षण भ्रमण गर्नुभएको छ।

यही साउन २४ गते रातिको भीषण वर्षाले तादी खोलामा आएको बाढीले नुवाकोट क्षेत्र नं १ का कतिपय स्थानमा क्षति पुऱ्याएको छ। नुवाकोटको दुप्चेश्वर-३ राउतबेंसी, तादी- ४ सातबिसे र पञ्चकन्या- ४ थप्रेक जोड्ने पक्की पुल, पञ्चकन्या- २ आप्र र तादी- ५ बाहुनबेंसी जोड्ने पक्की पुल, पञ्चकन्या- १ को सिमारा फाँट र लिखु- ३ सूर्यमति र १ ढिकुरे जोड्ने पक्की पुल बाढीका कारण क्षतिग्रस्त भएका छन्।

पञ्चकन्या र तादी जोड्ने पुलको क्षति अवलोकन गरेपछि प्रवक्ता डा महतले सडक कार्यालय र स्थानीय तहको समन्वयमा भत्किएको पुलको तुरुन्त पुनर्निर्माण गरी



आवागमन पुनः सञ्चालनमा ल्याउन र बाढी पहिरो प्रभावित क्षेत्रका लागि थप बजेट उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो।

आफ्नो गृह जिल्लाका प्राकृतिक प्रकोप पीडितलाई भेट्न पुग्नुभएका पूर्वमन्त्री डा महतले बाढीले सातबिसे र थप्रे जोड्ने तादी खोलामाथिको पुल पनि क्षतिग्रस्त बनाएको अनुगमनपछि आवागमन सहज बनाउन जतिसक्दो छिटो यसको पुनर्निर्माण गर्न नेपाल सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

आलो पहिरो नथामिएको र सिमसिम पानी परिरहेका बेलामा बाढी पहिरो प्रभावितसँग प्रत्यक्ष भेट्ने, राहत, क्षतिपूर्ति, पुनस्थापना तथा पुनर्निर्माणका बारेमा छलफल गर्ने उद्देश्यले बाढी पहिरोग्रस्त क्षेत्रमा डा महत पुग्नुभएको थियो । उहाँले पहिरोबाट अधिक प्रभावित राउतबेंसीको निरीक्षण भ्रमणपछि प्राकृतिक प्रकोपबाट पीडित र प्रभावित नागरिकहरुलाई राहत तथा विपद्बबाट भएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन र भत्किएका भौतिक संरचनाको पुनर्निर्माणका लागि शीघ्र कदम चाल्न सरकारसँग माग गर्नुभयो।

बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत निरीक्षण र प्रभावित नागरिकसँगको भेटपछि डा महतले स्थानीय जनप्रतिनिधिसँग राहत, पुनःस्थापना र पुनर्निर्माणको बारमा छलफल गर्नुभएको थियो । उहाँले स्थानीय जनप्रतिनिधिहरुलाई पहिले पहिरो र बाढीले पुऱ्याएको क्षतिको यथार्थ विवरण सङ्कलन गर्न, प्रभावितको सूची तयार पार्न र क्षतिग्रस्त भएका संरचनामध्ये सानातिना र थोरै रकमले हुने मर्मतसम्भार पालिकाको बजेटबाट सम्पन्न गराउन सुझाव दिनुभयो।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित मंसापुरमा माछा मार्दै गरेको बालबालिका। तस्बिर : रासस

# मिटरब्याजीसम्बन्धी समस्या नियन्त्रण गर्न कार्यदल गठन

काठमाण्डु । सरकारले मिटरब्याजसम्बन्धी समस्या नियन्त्रणका लागि कार्यदल गठन गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनअनुसार गृहमन्त्री बालकृष्ण खाणले मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव डा भीष्म भुषालको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गर्नुभएको छ।





कार्यदलको सदस्यमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानून उपसचिव श्रीकृष्ण पौडेल, काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा हुनुहुन्छ।

कार्यदलको सदस्य सचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ। प्रधानमन्त्री देउवाले शुक्रबार बिहानमात्रै गृहमन्त्री खाण, प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र गृह मन्त्रालयका सहसचिवलाई बोलाएर मिटरब्याजीसम्बन्धी समस्या समाधानका लागि उपाय पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन र भविष्यमा यस्ता अपराध हुन नदिन आवश्यक पहल कदमी लिन निर्देशन दिनुभएको थियो। सोही निर्देशनका आधारमा उक्त कार्यदल गठन गरिएको हो।

कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ। कार्यदललाई मिटरब्याजी सम्बन्धी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी तोकिएको छ। रासस

# मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

काठमाण्डु । श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व आज स्नान गरी नयाँ यज्ञोपवीत-जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ।

श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई 'श्रावणी' स्नान पनि भनिन्छ। सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन्। स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ। आजको दिन सप्तऋषिहरु काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ। ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो। आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ।




वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रुपमा मानिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रुपमा पुजिन्छ। अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रुपमा लिइन्छ। यस दिन एघार थरिका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ।

नेपालको तराईक्षेत्रमा भने आजकै दिन दिदी बहिनीले दाजुभाईलाई राखी बाँधेर मनाइएको छ। यसबाट दिदीबहिनी र दाजुभाईकाबीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ। यसअवसरमा आज काठमाडौँको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा मेला लागेको छ।

नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्ही भनी मनाएका छन्। विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ। आजका दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गरेका छन्।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्माबलम्वीले भने आजको दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रुपमा मनाउने गर्दछन्। बौद्ध धर्मग्रन्थ ललित बिस्तरमा यससम्बन्धी विस्तृतरुपमा व्याख्या गरिएको छ। यसैकारण आज स्वयम्भूमा पनि विशेष मेला लागेको छ।रासस

# वर्षाले तीन सडक पूर्ण र १२ आंशिक अवरुद्ध



काठमाण्डु। वर्षाले हाल तीन पूर्ण र १२ सडक आंशिकरुपमा अवरुद्ध रहेको छ।

कर्णाली राजमार्ग, साँफबगर-मार्तडी-कोल्टी सडक र बालाजु-त्रिशुली-धुन्चे-स्याफ्रुबेसी सडकका विभिन्न खण्डका सडक अवरुद्ध रहेका छन्। कर्णाली राजमार्ग अन्तर्गत जुम्लाको सुर्कीपाखा र दादीखोलामा पहिरोका कारण सडक अवरुद्ध रहेकामा एउटा निजी सवार ीसाधन भाडामा लिएर खुलाउने प्रयास भइरहेको डिभिजन सडक कार्यालय जुम्लाले जनाएको छ।

साँफेबगर-मार्तडी-कोल्टी सडक बाजुराको अम्कोटदेखि बल्दे खण्ड अवरुद्ध रहेकामा खुलाउन उपकरण सो स्थानमा लगिएको छ। वर्षात र लेदो रोकिएपछि सोही स्थानबाट यातायात खुलाइने र वैकल्पिक बाटोका लागि सहमति जुटाउने प्रयास भइरहेको सडक विभागले जनाएको छ। बालाजु-त्रिशुली-धुन्चे-स्याफ्रुबेसी सडक रसुवाको बनुवामा अवरुद्ध भएकामा वैकल्पिक सडक खुलाएर साना गाडी जाने व्यवस्था मिलाइएको डिभिजन सडक कार्यालय नुवाकोटले जनाएको छ।

वर्षाले अवरुद्ध १२ सडकमा रहेको अवरोध हटाएर हाल एकातर्फबाट सवारीसाधन चल्नसक्ने व्यवस्था मिलाइएको छ। कोशी राजमार्ग, पृथ्वी, त्रिभुवन राजमार्ग, डुम्रे-बेशीसहर-चामे सडक, कर्णाली राजमार्ग र पुष्पलाल (मध्यपहाडी) राजमार्गको विभिन्न खण्डमा बाढी र पहिरोका कारण अवरुद्ध बनेकामा हाल आंशिकरुपमा खुलाइएको छ।

कोशी राजमार्गअन्तर्गत सङ्खुवासभाको सम्माटार, पृथ्वी राजमार्गको तनहुँको साँखर (बाँसबारी), त्रिभुवन राजपथमा मकवानपुरको छत्तिस खोला, डुम्रे-बेशीसहर-चामे सडकअन्तर्गत लमजुङको उदीपुर, मनाङको म्यार्दी भीरमा सडक एकातर्फबाट मात्रै खुलाइएको छ। त्यस्तै, कोशी राजमार्गअन्तर्गत सङ्खुवासभाको फक्सिण्डा दोभानबाट बरुण खोला, तानसेन-रिडि-कोरलाअन्तर्गत मुस्ताङको काभ्रे भीर, पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत बागलुङको खहरे दोबिल्ला, कर्णाली राजमार्गअन्तर्गत कालिकोटको जारकोटमा पनि आंशिकरुपमा मात्रै सञ्चालनमा छन्।

यो वर्ष अवरुद्ध भएकामध्ये हाल एक सय १५ स्थानमा सडक दुवैतर्फ चालु भइसकेको छ। यो वर्ष २१ राजमार्गको एक सय २८ स्थानमा सडक अवरुद्ध भएको विभागले जनाएको छ।रासस

# पूर्वप्रधानमन्त्री कोइरालाको ८३औँजन्मजयन्ती

काठमाण्डु। पूर्व प्रधानमन्त्री सुशील कोइरालाको ८३औँ जन्मजयन्ती शुक्रवार विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ। विसं १९९७ साउन २७ गते जन्मनुभएका नेपाली कांग्रेसका पूर्व सभापति एवं विसं २०७२ को संविधान बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका कोइरालाले जीवनपर्यन्त प्रजातान्त्रिक सिद्धान्त अनुकूलको आचरण गर्नुभयो। राजनीतिमा निष्ठा, इमान्दारिता र सादगीको शक्ति कति हुन्छ भन्ने कुरालाई स्थापित गर्न उहाँको योगदान महत्वपूर्ण थियो। स्वा नेता कोइरालाको स्मरणमा शुक्रवार विभिन्न कार्यक्रम गरिने जनाइएको छ। प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाबाट प्रभावित भएर राजनीतिमा लाग्नुभएका उहाँले सधैं सत्यको वकालत गर्नाका साथै सादगी जीवनयापन गर्नुभयो। त्यसैको फलस्वरुप नेपाली जनताको २००७ साल देखिको चाहना बमोजिम संविधानसभाबाट संविधान बनाउने अभिभारा स्वा नेता कोइरालाको कार्यकालमा पूरा भएको थियो। संविधान जारी गर्नुहुन्न भन्ने शक्तिकेन्द्रको तीव्र दबाबका बाबजुद उहाँको अडानले २०७२ साल असोज ३ गते संविधानसभाबाट संविधान जारी भएको थियो।

राजनीतिमा निष्ठा, आदर्श र सिद्धान्तको बलले नेता कोइरालाले सफलता पाउनुभएको सुशील कोइराला मेमोरियल फाउन्डेसनले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। रासस

# चितवनमा नवजात शिशुको दुर्लभ शल्यक्रिया

चितवन। जिल्लामा नवजात शिशुको दुर्लभ शल्यक्रिया सफल भएको छ। जन्मँदै नाइटो नबनी नाइटोको भागबाट आन्द्रा बाहिर निस्किएको शिशुको सफल शल्यक्रिया गरिएको हो।

चितवन मेडिकल कलेज शिक्षण अस्पताल (सिएमसी) मा शल्यक्रिया गरिएको हो। यस्तो प्रकृतिको समस्या लाखौँमा एक दुई जनामा देखिने गरेको चिकित्सक बताउँछन्।





अस्पतालका बाल शल्यचिकित्सक डा प्रकृति गिरी नेतृत्वको चिकित्सक टोलीले उक्त शल्यक्रिया गरेको हो। सर्लाहीको ईश्वरपुर नगरपालिका-१२ की सरस्वती बस्नेतले भरतपुर अस्पतालमा प्रसूति सेवा लिनुभएको थियो। उहाँबाट जन्मिएको शिशुको दुई घण्टामै चितवन मेडिकल कलेज रिफर गरिएको थियो।

अस्पताल भर्ना भएको चार दिनपछि गत असार १२ गते पहिलो र त्यसको चार हप्तापछि साउन ९ गते दोस्रो शल्यक्रिया गरिएको थियो।

डा गिरीले भन्नुभयो, "शिशुको नाइटोको भाग नबनेको र सोही ठाउँबाट आन्द्रा बाहिर निस्किएको थियो। आन्द्रासमेत फुलेको अवस्थामा रहेको यस्तो प्रकृतिका घटना दुर्लभ हुने गर्दछन्।"

नाइटो नबनेको, आन्द्रा बाहिर आएको र आन्द्रा फुटेको अवस्था लाखौँमा एक जनामा देखिने भन्दै उहाँले यो निकै दुर्लभ समस्या भएको जानकारी दिनुभयो। उहाँको भनाइमा सानो आन्द्रा यसरी फुलेर बस्नु आफैँमा दुर्लभ हो। यस्तो समस्यालाई ओमफालोसियल भनिने गर्दछ।

शिशुको माँसपेशी पूर्णरुपमा विकास नभएकाले बाहिर निस्किएको आन्द्रा एकै पटक भित्र नअटाउने भएकाले दुई पटक गरेर शल्यक्रिया गर्नुपरेको डा गिरीको भनाइ छ।

उहाँले भन्नुभयो, "धेरैजसोमा एउटै शल्यक्रियाले हुन सक्छ। नाइटो नै नभएको, पेटमा प्वाल परेर आन्द्रा बाहिर आएको, प्वाल धेरै साँघुरो र सानो भएकाले बाहिर आएको आन्द्रा कस्सिँदै जान्छ।" फुलेको आन्द्राको आठ सेन्टिमिटर काटेर पुनः जोडिएको जानकारी दिँदै डा गिरीले नीलो भएको भाग ठीक होस् भनेर सानो आन्द्राको भाग काटेर बाहिर निकालेर राखेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "बाहिर निकालेको आन्द्रामा कृतिम मलद्वार बनाइयो। अर्थात् त्यहीबाट दिसा बाहिर निस्कने गरी व्यवस्था गरियो।"

दोस्रो शल्यक्रियामा बाहिर निकालेर राखिएको कृतिम मलद्वारसहितको आन्द्रालाई भित्र जोडेर राखिएको डा गिरीले बताउनुभयो। बयालिस दिन अस्पतालमा राखेर उपचारपछि उक्त शिशु अहिले घर लगिएको छ। शिशुको स्वास्थ्य राम्रो रहेको डा गिरीले जानकारी दिनुभयो।

अस्पतालका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा डा हरिश्चन्द्र न्यौपानेले यस्ता खालका शल्यक्रिया अन्यत्र कठिन हुने भए पनि विज्ञ बाल शल्य चिकित्सक चितवन मेडिकल कलेजमा भएकाले सफल भएको बताउनुभयो।

बाहिर पठाइँदै आएका यस्ता प्रकृतिका जटिल उपचार यहाँ सम्भव भएको उहाँको भनाइ छ। न्यौपानेले भन्नुभयो, "अब अस्पतालमा क्यान्सर उपचार थालेपछि सबै प्रकारका रोगको उपचारका लागि विदेश जानु पर्दैन।"रासस

सुर्य तारा
डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर



डा. राजेश किशोर यादव
पल्मोनोलोजीस्ट

एम.बि.बि.एस.
एम.डी.- पल्मोनोलोजी
(BSMMU, DHAKA)

२०७९ साउन २८ गते शनिवार आउँदै हुनुहुन्छ

काठमाडौँको मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुर र नेपाल कोरिया अस्पताल को छाती, फोक्सो तथा दमरोग बिशेसज्ञ डा.राजेश किशोर यादव को ओ.पि.डी सेवा जनकपुरमा पनि प्रत्यक महिनाको आन्तिम शनिबार उपलब्ध छ।

नाम र दर्ता को लागि
सम्पर्क : ९८१७६६०११९ /९८४४४२६७७२
स्थान : सुर्य तारा डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर प्र. लि. जनकपुरधाम, अस्पताल रोड

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'प्रेमगन्ज'को 'फेरि भेट होला नहोला' गीत सार्वजनिक

काठमाण्डु । आगामी भदौ ३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ' प्रेमगन्ज'को नयाँ लिरिकल गीत सार्वजनिक भएको छ। 'फेरि भेट होला नहोला' बोलको गीतमा कृष्णहरि बरालको शब्द र गैरे सुरेशले संगीत छ भने स्वेच्छा ठकुरीले स्वर दिएकी छन्। गहिरो प्रेममा रहेको जोडी एकअर्काबाट छुटिएर बाँच्न नसक्ने भाव गीतले बोल्छ । गीतमा शब्द, संगीत र गायनको उत्कृष्ट संयोजन छ।

फिल्मलाई परिच्छेद सेनले निर्देशन गरेका हुन्। दुई कालखण्डको प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्ममा तेज गिरी, बेनिशा हमाल, राइडर प्रशन, सुप्रिया खनाल, सिमरन खड्काको मुख्य भूमिका छ । फिल्ममा अभिनेत्री सुरक्षा पन्त गेस्ट रोलमा छिन् । तेज र बेनिशाले युवा उमेरको भूमिकामा अभिनय गरेका छन् भने उनीहरुको टिनएजरको भूमिकामा प्रशन र सुप्रिया छन्।

राजु फुयाँल प्रस्तुतकर्ता रहेको फिल्मको कार्यकारी निर्माता अनन्तमान श्रेष्ठ हुन् । फिल्मको कथा निर्देशक परिच्छेद स्वयंको हो ।

अर्जुन जीसीको सम्पादन र सञ्जय लामाको छायांकन रहेको फिल्ममा नरेश पौडेल, रश्मि भट्ट, गीता अधिकारी, सञ्जोग रसाइली, पवन भट्टराईलगायतको पनि अभिनय छ । फिल्ममा किरण भुसाल, पुरुषोत्तम ढुंगेल, गैरे सुरेश र सरोज पोखरेलको संगीत छ।

## गजल

पबनीमे सब'स खास अछि रक्षा बंधन
भाइ-बहिनक अटुट विश्वास अछि रक्षा बंधन

दुनियाक सब'स मजगुत इ प्रेमक बंधन
आस,विश्वास अहसास अछि रक्षा बंधन

भले कतबो दुर आ कजबुर रहैं बहिना
मुदा खुसीक पैग अभास अछि रक्षा बंधन

स्नेह,प्रेम,पियार क् इ पैग त्यौहार राखी
भाइ-बहिनक अमर इतिहास अछि रक्षा बंधन



उदगार यादब
मिथिला विहारी नगरपालिका
सिरसियाञ्ट

## भैईया प्रदेशीय

केकरा राखि बान्धब हो भैया
थाली सजाउल अधूरा ह

बहिनी प्रितमे मिठक सन्देश राखिया
तोरा बिना राखी हमर अधूरा ह ।१।

बहुत इंतजार कैलौ गे बैहनी
बस कुछ दिन इन्तजार कर

मनके पिरा प्रदेशीके कोई नै बुझैय
भाइ बहिन राखीके प्यार ह ।२।

हात हमर सुना लगै ए
जेना ईकोर गेला अन्हारके

मनके मैल सात समुन्द्र पारमे धोबैछि
तोरा बिना दिन लागै अन्हार गे ।३।



शब्दः- विरेन्द्र कुमार विवस
न. पा. हंसपुर ०८ भतही
मा. वि. झटियाही

## ।। रछ्या बन्धन ।।

मिलाप के आश रखैछै सबहक भाइ बहिनी
जौ अवैछथ राखी बन्धन पुर्णिमा
अन्नतकाल के द्रौपदि के प्रेम कृष्णजि सँग
सौ भाइबहन आँचरा चिरके कृष्णजि के
खुन लतपत आँगुल बाँन्है छै
सोहे प्रेम उज्जवल रिस्ता भाइ बहनके
कृष्ण लेने छै रछ्या सुत्र द्रौपदिके रच्छया के के
बहिनदिदि भेल पराइ जहिया गेलौ सासुर
भाइभैया भगेल सखि जहिया भगेल घरवाली मायबाप साथै
सोचमे परल कि दुजाभेल
धियापुताके शादि होएते
अटुट प्रेम क बन्धन राखि स्वरुप कलाइ जगमगाइछै सब भाइभैया
के
ब्यवहार मे उतारै छै केहु त्योहार मनाबै छै
यि रछ्याशुत्र बन्धन
मोबाइल वाइफाइके जमाना छै
राखि के सभहक दिवाना छै
बहिनोके सिमाना छै नैहर पहुचके बहाना छै
केहो बहिनी भाइ ल पहुचत केहो भाइ बहिनी ल पहुचत
बन्धन कच्चे धागेके लेकिन मजबुत रिस्ता
बिस्वास आ सदभावके
भाइबहन के प्यार रछ्या बन्धन त्यौहार



प्रमोद राम
जनकपुर ९

## 'प्रकाश' को स्क्रिप्ट प्रदीपले सुनेकामध्ये सबैभन्दा बलियो



काठमाण्डु । भदौ १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'प्रकाश'मा अभिनेता प्रदीप खड्काले करिअरकै चुनौतीपूर्ण भूमिका निभाएका छन्। प्रायः सुकिलोमुकिलो चरित्रमा आफूलाई प्रस्तुत गर्दै आएका उनको यो फिल्ममा चकलेटी अवतार देखिएको छैन । पहिलो पटक गाउँले चरित्रमा उनले अभिनय गरेका छन् । पोस्टरदेखि ट्रेलरसम्म देखिने उनको लुक्सले दर्शकहरुको ध्यान खिचेको छ।

प्रदीप 'प्रकाश'को स्क्रिप्टलाई कोभिडयता सुनेका अन्य फिल्मको स्क्रिप्टभन्दा बलियो मान्छन्। बिहीवार नेपालगञ्जमा पत्रकारहरुसँग कुराकानी गर्दै प्रदीपले भने, 'यो फिल्मपछि मैले कुनै फिल्म गरेको छैन। 'प्रेमगीत ३' भन्दा राम्रो प्रोडक्सन र 'प्रकाश' भन्दा राम्रो सोच नपाएका कारण नै काम नगरेको हुँ। फिल्मको छायांकनयता मैले सुनेका स्क्रिप्टमध्ये सबैभन्दा बलियो 'प्रकाश'को लाग्छ।'

उनले 'प्रकाश'को छायांकनका लागि जुम्ला रोज्नुको कारण पनि खुलाउँदै भने- ' फिल्मले नेपालमा विद्रोहपछि आएको व्यवस्था र त्यो व्यवस्थामा भएको कमी-कमजोरीको विषयमा बोल्छ। त्यो व्यवस्थाले देशको जुनसुकै कुनालाई छोएको छ। त्यसैले हामीले फिल्म जुनसुकै ठाउँमा खिच्न सक्थ्यौं। तर पनि जुम्लामै किन खिच्यौं भन्दा कहीँ न कहीँ कर्णाली अगाडि आउनु पर्छ भनेर हो।'

त्यस्तै, अभिनेत्री दीया मास्के फिल्ममा आफूले निभाएको सीता चरित्रलाई बलियो महिलाको रुपमा ब्याख्या गर्छिन् । 'सीता गाउँको साधारण महिला हो । एकल महिला हो । श्रीमान् र छोराको सपनालाई नै उसले आफ्नो सपना बनाएको छ । दीया मास्के भएर सीतालाई हेर्दा ऊ सशक्त महिला हो । करिअरको यो विन्दूमा यति बलियो चरित्रमा अभिनय गर्न पाउँदा खुशी छु,' उनले भनिन्।

यस फिल्ममा दीयाले प्रदीप खड्काको आमाको भूमिका निर्वाह गरेकी छन् । उनले प्रदीपको काम गर्ने शैलीको पनि प्रशंसा गरिन् । उनी भन्छिन्, 'प्रदीपसँग काम गर्न एकदमै रमाइलो र सजिलो भयो । फिल्ममा मैले एकदमै राम्रो को-एक्टर पाएँ । उसलाई सबैले चकलेटी मात्र किन भन्छन् थाहा भएन। रुप राम्रो भएर पनि होला। तर, मलाई के लाग्छ भने ऊ राम्रो कलाकार पनि हो।'

दिनेश राउतको निर्देशनमा तयार भएको फिल्ममा प्रदीप र दीयाका अलावा रेनु योगी, प्रकाश घिमिरे, निरज पन्थी, रामबाबु रेग्मी, गोविन्द सुनुवार, लोकेन्द्र लेखक, दिपेन्द्र शाहीलगायतको पनि अभिनय छ। फिल्ममा विकास सुबेदीको कथा लेखन, राजेश श्रेष्ठको छायांकन, जीवन थापाको सम्पादन, सुवास भुषाल, दिपक शर्मा, तारा प्रकाश लिम्बु र एलिस कार्कीको गीतमा संगीत रहेको छ।

## सुदर्शन गौतमको कमब्याक पक्का, साइन गरे 'एक्स ९'



काठमाण्डु । २०७१ सालमा प्रदर्शनमा आएको अभिनेत्री रेखा थापा अभिनीत, निर्मित तथा निर्देशित फिल्म 'हिम्मतवाली'बाट सुदर्शन गौतमले अभिनय करिअर सुरु गरेका थिए । तर, डेब्यू फिल्म सफल भए पनि उनले अभिनयलाई भने निरन्तरता दिन सकेनन् । लामो समयदेखि क्यानडामा बसोबास गर्दै आएका उनले ८ वर्षपछि अभिनयमा फर्किने निर्णय गर्दै फिल्म 'एक्स ९' साइन गरेका छन् ।

यतिबेला फिल्मको छायांकन प्रवन्ध मिलाउन क्यानडामा रहेका निर्माता तथा निर्देशक मुकुन्द भट्टले यसै साता गौतमसँग कागजी सम्झौता गरेका हुन् । फिल्मको केही प्रतिशत छायांकन क्यानडामा हुनेछ र त्यहाँको पार्टमा सुदर्शन देखिनेछन् । निर्देशक भट्टले फिल्ममा सुदर्शन गौतमको भूमिका सशक्त रहेको बताए। फिल्मका लागि सुदर्शनले आकर्षक पारिश्रमिक बुझेको बताइएको छ।

८ वर्षपछि फिल्ममा कमब्याक गर्न लागेका सुदर्शनले राम्रो टिम र बलियो चरित्र पाएकाले आफू 'एक्स ९'मा काम गर्न राजी भएको जानकारी दिए। उनले भने, 'म फिल्मबाट कहिल्यै पनि टाढा थिइनँ । विभिन्न कारणले समय दिन नपाएको मात्र हुँ। फेरि फिल्ममा काम गर्दा राम्रो टिम र बलियो चरित्र हुनुपर्छ भन्ने मान्यतामा अडिग थिएँ । यी सबै कुरा 'एक्स ९'मा पाएँ,' क्यानडाबाट उनले भने।

एक दुर्घटनामा दुवै हात गुमाएका सुदर्शनले बिना हात संसारकै अग्लो शिखर सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाएका छन् । खुट्टाले लेखेर नेपाल कर्मश क्याम्पसबाट मास्टर्स र क्यानडामा डिप्लोमा गरेका उनी कम्प्यूटरदेखि गाडीसम्म खुट्टैले चलाउँछन् । क्यानडामा मोटिभेसनल स्पिकरको रुपमा परिचित सुदर्शनले फिल्म ' हिम्मतवाली'बाट अभिनयमा राम्रो सम्भावना देखाएका थिए।

'एक्स ९'लाई नेटफ्लिक्समा रिलिज गर्न निर्देशक भट्टले प्रयास गरिरहेका छन्। सम्भवतः आगामी महिना नेटफ्लिक्ससँग फिल्मको टिमबीच कागजी सम्झौता हुनसक्ने जानकारी प्राप्त छ।

फिल्ममा सुदर्शनसँगै सौगात मल्ल, अनमोल केसी, पुष्प खड्का, राज कटुवाल, अनुपविक्रम शाहीलगायतको अभिनय रहनेछ । यो फिल्मबाट मोडल नीति शाहले अभिनेत्रीको रुपमा डेब्यू गर्दैछिन्।

## फिल्म बनाउने योजनामा अर्बपति भवन भट्ट

काठमाण्डु । गैरआवासीय नेपाली संघ (एनआरएन) को पूर्व अध्यक्ष तथा अर्बपति भवन भट्टले फिल्म निर्माण गर्ने योजना रहेको बताएका छन् । बिहीवार फिल्म ' प्रकाश'को जापान रिलिजको जानकारी दिन टोकियोमा आयोजित पत्रकार भेटघाटमा बोल्दै उनले आफूसँग रहेको एउटा कथामा फिल्म बनाउने योजना रहेको बताएका हुन्। भारतमा प्रदर्शनको लक्ष्यसहित फिल्म निर्माण गर्ने उनको सोच छ।

उनले भनेका छन्, 'मसँग एउटा स्टोरी छ। मौका मिल्यो भने त्यसमा फिल्म बनाउने सोचमा छु। अहिले मैले तीनवटा एजेन्डाहरु अगाडि ल्याएको छु । यी कामबाट बचेको समयमा फिल्मलाई अगाडि बढाउँछु । खासमा म नेपाली फिल्मलाई भारतमा पुर्‍याउन चाहन्छु। हामी भारतीय फिल्मबाट प्रभावित छौं । अब हामीले हाम्रो फिल्मबाट भारतलाई प्रभावित बनाउनु पर्ने बेला आएको छ।'


बाल्यकालमा आफूलाई फिल्मको निर्देशक बन्ने रहर रहेको पनि उनले स्मरण गरे । 'स्कूल पढ्ने समयमा मलाई निर्देशक बन्ने रहर थियो । निर्देशकले जस्तो हातले फ्रेम हेर्थें। यो देखेर मलाई कतिले डाइरेक्टर साप भनेर बोलाउँथे। पछि त्यो सौख पूरा गर्न पाइनँ । मैले हरी पाण्डेलाई राखेर एउटा भिडियो बनाएको थिएँ। तर, त्यो कहाँ गयो कहाँ, अहिलेसम्म रिलिज हुन सकेन,' उनले भने।

भवन भट्टको जापानमा ठूलो व्यवसाय छ। गोरखाबाट जापान पुगेपछि लामो समय जापानको रेस्टुरेन्टहरुमा भाँडा माझेका उनको अहिले जापानमा २९० बढी होटल तथा रेस्टुरेन्ट छन् । उनी आफू जापान आउनुको एउटा ठूलो कारणमध्ये फिल्मको प्रभावलाई मान्छन् । त्यसबेला नेपाल टेलिभिजनमा प्रशारण हुने जापानी फिल्म 'ओशिन' हेरेपछि जापानप्रति उनको आकर्षण बढेको रहेछ।



उनी सम्झन्छन्, 'फिल्म भनेको समाजलाई पर्दापर्ण गर्ने सशक्त माध्यम हो। म जापान आउनुको एउटा कारण फिल्म ' ओशिन' हो। मसँगै जापान आउने साथीहरु पनि 'ओशिन' हेरेर आएको भन्थे । मानिसमा फिल्मको प्रभाव त्यति ठूलो हुन्छ । 'ओशिन'पछि नै जापानको अर्थतन्त्रमा ठूलो परिवर्तन आएको हो ।' भवनले पछिल्लो समय नेपाली फिल्म स्तरीय बन्न थालेकोमा खुशी व्यक्त गरे।

## 'महानगर' को पोस्टरमा मौन कार्म र मेनुका



काठमाण्डु । मोहन राईको लेखन तथा निर्देशनमा बनेको फिल्म 'महानगर'को दुईवटा आधिकारिक पोस्टर शुक्रवार सार्वजनिक भएको छ । दुई पोस्टरमा अभिनेता कार्म शाक्य र अभिनेत्री मेनुका प्रधान फिचर्ड छन्। पोस्टरमा उनीहरु निराश भावमा शान्त र मौन देखिन्छन्। एक साँझ दुई अपरिचित युवा-युवतीको काठमाडौंमा अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमको कथामाथि फिल्म बनेको हो।

कोलकता अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, ब्रुकलिन फिल्म फेस्टिभल, नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, एसियन फिल्म फेस्टिभल बार्सिलोना, पामे अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, वासिङ्गटन डी.सी. साउथ एसियन फिल्म फेस्टिभल र नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ) मा स्क्रिनिङ्ग भइसकेको 'महानगर' इण्डस भ्याली इन्टरनेशनल फिल्म फेस्टिभलमा पनि छानिएको छ।

निफमा उत्कृष्ट फिल्म, उत्कृष्ट पटकथा, उत्कृष्ट अभिनय र निर्देशनको अवार्ड जितेको फिल्मले नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा अनरेवल मेन्सन अवार्ड पाएको थियो । गोविन्द पराजुली कार्यकारी निर्माता र नवनिधि दाहाल क्रिएटिभ प्रडुसर रहेको फिल्ममा नरेन्द्र मैनालीको छायाङ्कन, परीक्षित झाको सम्पादन, किशोर आर्चायको ध्वनि सम्पादन तथा पुष्पा संगमको संगीत छ । 'महानगर'लाई माउन्टेन रिभर फिल्मस् तथा गो विन् प्रोडक्सन्ससँगको सहकार्यमा मिडलवे फिल्मस्ले निर्माण गरेको हो । निर्माण टिमले पोस्टर सार्वजनिक गरे पनि प्रदर्शन मिति घोषणा गरेको छैन । वितरकसँग छलफल गरेर फिल्मको प्रदर्शन निकट भविष्यमा गर्नका लागि तयारी भइरहेको कार्यकारी निर्माता गोविन्द पराजुलीले बताए। यो फिल्म करीब ५ वर्ष अगाडि निर्माण भएको हो।

## कांग्रेसी बने अनुपविक्रम शाही



काठमाण्डु । पछिल्लो समय राजनीतिप्रति कलाकारको आकर्षण बढ्दो छ। पुराना हुन् वा नयाँ कलाकार, विभिन्न राजनीतिक पार्टीसँग आबद्ध हुँदै आएका छन्। यसैक्रममा, 'ह्यान्डसम भिलेन'को रुपमा चिनिएका अनुपविक्रम शाही नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। शुक्रवार कांग्रेस नेता तथा गृहमन्त्री बालकृष्ण खाँणले उनलाई पार्टी सदस्यतासँगै नेपाल तरुण दलको सदस्यता पनि प्रदान गरे।

कांग्रेसको सदस्यता लिएपछि अभिनेता शाहीले लोकतन्त्रको रक्षा र जनताको अधिकारका लागि कांग्रेसले गरेको योगदान बुझेर पार्टी प्रवेश गरेको बताएका छन्। आफू यसअघि कुनै राजनीतिक दलसँग आबद्ध नभएको र पहिलो पटक कांग्रेसको सदस्यता लिएको उनको भनाई छ । कांग्रेसले नेपालमा लोकतन्त्र स्थापनाका लागि गरेको संघर्षबाट आफू प्रभावित भएको उनले बताए।

देशमा कलाकारलाई सम्मान गर्ने पार्टी कांग्रेस मात्र रहेको र धेरै अग्रज तथा सम्मानित कलाकारहरू कांग्रेससँग आबद्ध भएकाले पनि आफूलाई कांग्रेस मन परेको अनुपको तर्क छ । आफू यूवा भएकाले तरुण दल (नेपाली कांग्रेसको भातृ संगठन) मार्फत यूवाका पक्षमा काम गर्न चाहेको उनले बताए। उनी अब कलाकारिता र राजनीतिकलाई एकसाथ अगाडि बढाउने सोचमा छन् । नायकको रुपमा असफल भए पनि खलपात्रको भूमिकामा रुचाइएका अनुपले ' वीर विक्रम', 'हाउ फन्नी', 'ठमेल डटकम', 'जाइरा', 'जय शम्भु', 'पुरानो बुलेट', 'पासवर्ड', 'लप्पन छप्पन २', 'हँसिया' लगायत दुई दर्जन बढी फिल्ममा अभिनय गरिसकेका छन् । उनी अभिनीत नयाँ फिल्म 'लाखे' आगामी कात्तिक ११ गतेबाट प्रदर्शनमा आउँदैछ भने चाँडै फिल्म ' मायाको माया' मा काम गर्दैछन्।

## 'बाबरी' पोस्टरमा अटे तृप्ति नाडकरका छोरा

काठमाण्डु । आगामी भदौ ३१ गतेबाट प्रदर्शनमा आउन लागेको सुरेन्द्र पौडेल निर्देशित फिल्म 'बाबरी'बाट एक समयकी चर्चित अभिनेत्री तृप्ति नाडकरका छोरा धिरज टोटलानी (नाडकर) ले अभिनेताको रुपमा डेब्यू गरेका छन् । तर, फिल्मको फर्स्टलुकदेखि दुई गीत सार्वजनिक हुँदासम्म निर्माण टिमले उनलाई लुकाएको थियो । बिहीवार सार्वजनिक तीनवटा पोस्टरहरुमा भने उनी अटेका छन्।

तीनवटै पोस्टरमा धिरजसँगै फिल्मका अभिनेता धिरज मगर र अभिनेत्री अदिती बुढाथोकी पनि फिचर्ड छन्। दुईवटा पोस्टरमा उनीहरुबीचको मित्रता झल्किन्छ । एउटा पोस्टरमा भने धिरज र अदिती पियानो बजाउँदै खुशी भावमा देखिएका छन् तर, धिरज मगर चुरोटको धुँवा उडाउँदै एङ्ग्री लुक्समा प्रस्तुत छन् । यी पोस्टरले फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित रहेको बुझाउँछ।




फिल्ममा बादल भट्ट, कमणमणी नेपाल, उर्मिला बस्नेत, ध्रुव कोइराला, सुनिता श्रेष्ठ, नितेश गुरुङ, त्रिशला तामाङ, दीलिप गुरुङ लगायतको पनि अभिनय रहेको छ। फिल्मको ट्रेलर साउन ३० गते रिलिज गर्ने तयारी गरिएको छ। यतिबेला फिल्ममा समावेश ' बाबरी रंग' र 'चुलबुल चुलबुल' गीत चर्चामा छ। यी दुई गीतले फिल्मको व्यापारमा ठूलो फाइदा पुग्ने विश्वास निर्माण टिमको छ।

निर्देशक पौडेलको कथा र सम्पादन रहेको फिल्मको गीतमा कालीप्रसाद बाँस्कोटा, सुजन चापागाईं र अनमोल गुरुङको संगीत छ भने एञ्जिला खत्री विक्रम लामाको कोरियोग्राफी छ । फिल्मलाई नरेन्द्र मैनाली खिचेका हुन् । बाबरी फिल्म्सको व्यानरमा निर्माण भएको फिल्ममा गणेश बुढाथोकी र पुष्पालता बुढाथोकी निर्मातामा छन् । सुष्मा गुरुङ भने सह-निर्माताको रुपमा आबद्ध छिन्।

# राष्ट्रपति भण्डारीद्वारा रक्षाबन्धन ग्रहण

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी रक्षाबन्धन तथा जनैपूर्णिमाको अवसरमा वैदिक विधिअनुरूप रक्षाबन्धन ग्रहण गर्नुभएको छ ।

शुक्रवार राष्ट्रपति भवन महाराजगञ्जमा उहाँले पण्डित खेमचन्द्र ढकालबाट रक्षाबन्धन ग्रहण गर्नुभएको हो ।

उहाँले काठमाडौँका राजोपाध्याय ब्राह्मण समुदायको कान्तिपुरीय उपाकर्म गुठीद्वारा श्रावणी कर्ममा स्थापना गरिएको राजकलशको अभिषेक तथा प्रसाद ग्रहण गर्नुभएको छ । श्रावणी कर्म यज्ञ सम्पन्न भएपछि विधिपूर्वक स्थापना गरिएको राजकलशबाट राष्ट्राध्यक्षलाई अभिषेक तथा रक्षाबन्धन गर्ने परम्परा रहेबमोजिम मुलुकमा गणतन्त्रको स्थापनापछि राजकलशको अभिषेक राष्ट्रपतिबाट नै ग्रहण गर्ने प्रचलन स्थापित भएको छ ।

शुक्रवार नै राष्ट्रपति भण्डारीले ब्रम्हाकुमारी राजयोग सेवा केन्द्र, काठमाडौँका निर्देशक ब्रम्हकुमारी राजदिदीबाट पवित्रताको सूचक राखीसमेत ग्रहण गर्नुभयो ।रासस

# सरकार सबै भाषाभाषी र जातजातिप्रति प्रतिबद्ध छ- सञ्चारमन्त्री कार्की

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले समग्र देशको विकासको निम्ति सबैभन्दा पहिला सबै क्षेत्रको भाषाभाषी, जातजाति र समुदायको विकास हुनुपर्ने बताउनुभएको छ ।

नेपाल कुशवाहा कल्याण समाजको ३१औँ वार्षिकोत्सवको अवसरमा शुक्रवार यहाँ आयोजित कार्यक्रममा सरकारका प्रवक्ता कार्कीले संवृद्ध नेपाल निर्माणका लागि समाजको पिँधमा रहेको समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकास हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "देशका विभिन्न जातजाति, भाषाभाषीको समुचित विकास भए मात्र देशको विकास हुन्छ, देशको विकासका निम्ति हिमाल, पहाड, तराईको विकास हुनुपर्छ ।' सरकार सबै समुदायको अधिकार सुनिश्चितताको निम्ति प्रतिबद्ध रहेको मन्त्री कार्कीको भनाइ थियो । उहाँले कुशवाहा समुदायले मुलुक परिवर्तनमा पुऱ्याएको योगदानको चर्चा गर्दै संवृद्ध नेपाल निर्माणमा सबै नागरिकको उत्तिकै भूमिका हुने बताउनुभयो ।

समाजका अध्यक्ष तपेश्वर महतोले राज्यका हरेक संरचनामा कुशवाहा समुदायको समान सहभागिताको माग गर्दै आगामी निर्वाचनमा राजनीतिक दलहरुले कुशवाहा समुदायलाई टिकटको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# सभामुख सापकोटासँग चिनियाँ राजदूत होउको शिष्टाचार भेट



काठमाण्डु । सभामुख अग्निप्रसाद सापकोटासँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेट गर्नुभएको छ । उहाँहरुबीच सभामुखको सरकारी निवास लैनचौरमा शुक्रबार बिहान भेटवार्ता भएको थियो । भेट दुई देशबीचको सम्बन्ध, आपसी हित र चासोका विषयमा केन्द्रित रहेको थियो । सभामुख सापकोटाले हालैको दशकमा चीनले गरिबी निवारणमा हासिल गरेको उपलब्धि, कोभिड महामारी नियन्त्रणमा लिएको पहलकदमी, छिमेक नीति र अन्तर्राष्ट्रिय कूटनीतिमा चीनको परिपक्वताको प्रशंसा गर्नुभयो ।

सभामुख सापकोटाले नेपाल एक चीन नीतिमा सदैव प्रतिबद्ध रहेको स्पष्ट गर्दै नेपाली भूमि छिमेकी राष्ट्रविरुद्ध प्रयोग हुन नदिने विषयमा नेपाल सधैँ चनाखो र सचेत रहेको बताउनुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घको वडापत्र तथा पञ्चशीलको सिद्धान्तअनुरुप कुनै पनि मुलुकको सार्वभौमिकता र आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको सबैले सम्मान गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सभामुख सापकोटाले २०७८ चैतमा चीनको राष्ट्रिय जनकंग्रेसका महामहिम अध्यक्ष लि चाङ्सुसँग भर्चुअल छलफल भएको स्मरण गर्दै संसदीय मैत्री समूह, संसद्-संसद् बीच उच्चस्तरीय भ्रमण एवं अनुभव आदानप्रदान गरी सम्बन्धलाई अझ विस्तार र सुदृढ गर्न सकिने धारणा राख्नुभयो ।

सभामुख सापकोटाले नेपालको आर्थिक-सामाजिक क्षेत्रमा चीनको निरन्तर सहयोगका साथै कोभिड-१९ र ठूला प्राकृतिक विपत्तिमा नेपाललाई प्राप्त भइरहेको सहायताका लागि धन्यवाद दिनुभयो । उहाँहरुबीच दुई देशबीचका व्यापारिक नाका सञ्चालन गराउने सम्बन्धमा पनि छलफल भयो ।

भेटमा राजदूत होउ यान्छीले नेपाल, चीनको असल छिमेकी रहेको बताउँदै एक चीन नीतिप्रति नेपालको प्रतिबद्धताको उच्च प्रशंसा गर्नुभयो । नेपालको स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताका पक्षमा चीनले सदैव दृढ समर्थन गर्दै आएको उहाँले बताउनुभयो । राजदूत होउले आगामी दिनमा पनि नेपालको विकास र समृद्धिमा चीनको निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# मुलुकमा युवा उद्यमशीलताको विकास गर्नुपर्छ– प्रधानमन्त्री देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले शैक्षिक बेरोजगारी न्यूनीकरण गर्न युवा उद्यमशीलता विकास गर्नुपर्ने बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समितिले अन्तर्राष्ट्रिय युवा दिवसका अवरमा शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री देउवाले देशविकासको अभियानमा युवा वर्ग क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

विभिन्न पुस्तामा रहेका सिप, क्षमता युवालाई हस्तान्तरण गरी नयाँ पुस्तालाई सवलीकरणको खाँचो औँल्याउँदै उहाँले देश र समाजको परिवर्तन तथा राष्ट्रको विकासका लागि विशेष भूमिका निर्वाह गर्ने युवा वर्गको योगदानलाई सबै समक्ष चिनाउन र युवा वर्गको समग्र हित र अधिकारको विषयलाई व्यवस्थित तवरले अघि बढाउन आवश्यक रहेको बताउनुभयो ।

अन्तर्राष्ट्रिय युवा दिवसले विश्वभर रहेका सबै जात जाति, धर्म, लिङ्ग, तथा समुदायका युवालाई एक आपसमा जोड्ने एउटा मत्वपूर्ण उत्सव भएको बताउँदै यस दिवसले युवा पिँढीमा रहेका क्षमताको उजागर गरी दिगो विकास लक्ष्य हासिल गर्न सार्थक साझेदारका रूपमा सहयोग पुर्‍याउने बताउनुभयो ।

प्रधानमन्त्री देउवाले यो वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको नाराले विभिन्न पुस्ताहरूमा रहेका सीप, दक्षता, क्षमता र अनुभवलाई



समन्वयात्मक र परिपूरक ढङ्गले एकैसाथ प्रयोग गरी विश्वले परिकल्पना गरेको समतामूलक र शान्तिपूर्ण समाज निर्माण गर्ने विषयमा सबैलाई अभिप्रेरित गर्ने बताउनुभयो ।

विभिन्न क्षेत्रमा अन्तर पुस्तागत सहकार्यका लागि रहेका चुनौतीलाई परिवर्तन गर्दै युवाको नेतृत्वमा समृद्ध र सुदृढ समाज निर्माण गर्नुपर्ने खाँचो औँल्याउँदै प्रधानमन्त्री देउवाले यस अवसरमा सबै पुस्ताले सुरक्षित, संरक्षित र न्यायपूर्ण अनुभूतिका साथ सम्मुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सकुन् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो ।

उहाँले भननुभयो-"स्वस्थ, शिक्षित, सीपयुक्त, सिर्जनशील र अनुशासित एवं राष्ट्रियताको भावनाले ओतप्रोत भएका युवा आजको हाम्रो आवश्यकता हो । यस्ता युवाहरूको विकासबाट मात्र मुलुकले काँचुली फेर्न सक्नेछ । स्वस्थ, समुन्नत, न्यायपूर्ण र शान्तिपूर्ण समाजको निर्माणका लागि राज्यका प्रत्येक तह र क्षेत्रमा युवा वर्गलाई पर्याप्त अवसर प्रदान गर्नु जरूरी छ । परिवर्तनको संवाहक मानिने युवा वर्गको नेतृत्व र अग्रसरतामा नै मुलुकको सुन्दर भविष्य सुनिश्चित हुन्छ ।"

देशभित्रै पर्याप्त अवसरहरू सिर्जना गरी मुलुकका नव प्रतिभा र नव शक्तिलाई स्वदेशमै रोजगार मूलक र सिर्जनात्मक कार्यमा संलग्न गराउने वातावरण निर्माण गर्न सरकार, निजी क्षेत्र तथा नागरिक समाज सबैले समन्वयात्मक रूपमा कार्य गर्न आवश्यक रहेको उहाँको भनाई थियो ।

प्रधानमन्त्री देउवाले मुलुकमा एकातिर राज्यले सीपयुक्त र दक्ष नागरिकको खोजी गरिरहेको बताउँदै शिक्षित युवाले समेत आफ्नो योग्यता र क्षमता अनुसारको काम र रोजगारी नपाई विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो -"चुस्त र व्यावहारिक कार्ययोजना तयार गरी युवा वर्गमा रहेको शैक्षिक बेरोजगारीलाई अन्त्य गर्न हामी प्रतिबद्ध हुन आवश्यक छ । यसका लागि निजी क्षेत्रको सहयोगका लागि पनि अपिल गर्न चाहन्छु ।"

सरकारी तहबाट युवा केन्द्रित गतिविधिहरूको कार्य योजना निर्माण, कार्य सम्पादन तथा संयोजनको कार्यभार सुम्पिएको युवा परिषद्ले युवा उद्यमशीलता विकास, युवा रोजगारी प्रवर्द्धन, विकास निर्माणमा युवा सहभागिता, युवा वर्गको नेतृत्व विकास, युवा स्वास्थ्य लगायतका क्षेत्रमा कार्य गर्दै आइरहेको उहाँको भनाई थियो ।

प्रधानमन्त्री देउवाले खासगरी युवा वर्गलाई जीवनोपयोगी सीप र कौशल सिकाई स्वदेशी माटोमै रम्न र सहज रूपमा जीविकोपार्जन गर्नसक्ने अवस्थामा पुऱ्याउन जोड दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

राष्ट्रिय युवा परिषद्का अध्यक्ष एवं युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले मुलुकमा भएका विभिन्न आन्दोलनबाट प्राप्त भएको राजनीतिक परिवर्तनका कारण अव युवाले आन्दोलन गर्नुनपर्ने बताउँदै उनीहरुलाई उद्यमशील बनाउन सकेमा देश विकास हुने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य उमाशङ्कर चौधरी, राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेत, विभिन्न मुलुकका प्रतिनिधिले युवा वर्गलाई उद्यमशील तथा सिर्जनशील बनाउन सरकारले लगानी वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । दिवसका अवसरमा भृकुटीमण्डप आसपास क्षेत्रमा प्रभातफेरी समेत गरिएको थियो ।रासस

# ज्येष्ठ नागरिकको अभिभावकत्व राज्यले लिन्छ : मन्त्री रेग्मी

काठमाण्डु । सरकारले अब ज्येष्ठ नागरिकको सबै किसिमको जिम्मा आफैँले लिने भएको छ । छोराछोरीले अंश लिने तर बाबुआमालाई घरमै आफूसँग उचित लालनपालन र पालनपोषण नगरी आश्रम लगेर राख्ने वा हेरविचार नगर्ने अवस्था आएको भन्दै स्थानीय सरकारमार्फत जिम्मा लिने तयारी भएको हो ।

स्थानीय तहले हेरचाह गरेको अवस्थामा सम्पत्तिको स्वामित्व स्थानीय सरकार मातहत जानेछ । यसरी आफ्नो कर्तव्य पूरा नगरी अंशसमेत खान नपाउने व्यवस्थाले समाजमा ज्येष्ठ नागरिकप्रति हेरिने दृष्टिकोण, व्यवहारलाई परिवर्तन गरी सुसंस्कृत समाज निर्माण गर्न बल पुग्नेछ । समग्रमा यस विधेयकले ज्येष्ठ नागरिकप्रति परिवार र स्थानीय सरकारलाई उत्तरदायी बनाइएको छ ।

त्यस्ता ज्येष्ठ नागरिकका नाममा भएको सम्पत्ति पनि सरकारले नै लिने र हेरचाह पनि सरकाले नै गर्ने गरी हालै संसद्बाट पारित भएको ज्येष्ठ नागरिकसम्बन्धी विधेयकले विशेष व्यवस्था गरेको छ । संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको सो विधेयकका सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीसँगको कुराकानीको सम्पादित अंशः



**संसद्को दुवै सदनबाट ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विधेयक पारित भएको छ, यसलाई यहााले कसरी हेर्नु भएको छ ?**

ज्येष्ठ नागरिकमाथिको हेरचाह र पालनपोषणलाई सन्तानको बाध्यकारी दायित्व बनाउँदै सङ्घीय संसद्ले ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विद्येयक पास गरेको छ । ज्येष्ठ नागरिक ऐन, २०६३ लाई संशोधन गर्न बनेको यो विधेयक राष्ट्रियसभाले २०७५ फागुनमा पारित गरेको थियो भने प्रतिनिधिसभाले यही साउन ४ गते पारित गरेको छ । यस विधेयकले ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्वलाई बाध्यकारी बनाएको छ । ज्येष्ठ नागरिक उहाँका परिवार र सन्तानको बोझ बनिरहेका र वृद्धाश्रममा पठाउने काम गरिरहेकाले उनीहरूलाई नसियत दिने व्यवस्था गर्न जरुरी रहेको थियो । त्यसैले स्थानीय तहले उहाँहरूका सन्तान र परिवारलाई दण्डित गर्ने र उहाँहरूको संरक्षण गर्ने व्यवस्था गर्नेगरी विधेयक ल्याइएको हो । नेपाली समाजमा आफूले कमाएको सम्पत्ति विभिन्न बहानामा सबै माग्ने र आमा बुबाले नसकेका अवस्थामा सार्वजनिक पाटीमा बास बसाउने क्रम बढ्न थालेपछि सरकारले ज्येष्ठ नागरिकको सुरक्षालाई ध्यानमा राखी संशोधित विधेयकको आवश्यकता बोध भएको हो । यसले ज्येष्ठ नागरिकको अधिकार संरक्षणमा महत्वपूर्ण योगदान हुने विश्वास लिएको छु ।

**विधेयक कार्यान्वयनका सन्दर्भमा**

**ज्येष्ठ नागरिकहरूलाई यहाा के भन्न चाहनुहुन्छ ?**

वृद्धावस्थामा हेरविचार नगर्ने छोराछोरीलाई अंश नदिनुस् जसले तपाईको संरक्षण गर्छ उसलाई नै जेजति भएको सम्पत्तिको हकवाला बनाउनुस् । जसले रेखदेख गर्छ, जसले पालनपोषण गर्छ उसलाई आफ्नो सम्पत्ति प्रदान गर्न हरेक ज्येष्ठ नागरिक स्वतन्त्र हुनुहुन्छ । परिवारको खर्च चलाएर विभिन्न माध्ययमबाट जगेडा गरेको सम्पत्तिबारे पनि छोराछोरीलाई जानकारी दिन आवश्यक छैन आफूले सक्दैमा अशक्त अवस्थामा आफ्ना लागि जगेडा गर्न पनि म ज्येष्ठ नागकिलाई अनुरोध गर्दछु । अब कोही पनि ज्येष्ठ नागरिकले आफ्ना सन्तान वा सम्पत्तिको दाबेदारबाट उचित लालनपालन वा हेरचाह नपाउने वा अलपत्र अवस्थामा रहनुपर्ने अवस्था आउन दिदैनौँ । त्यस्तो अवस्था आएमा ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निजको हकहितमा परिचालन गरिनेछ । कोही पनि ज्येष्ठ नागरिकले एक्लो वा असहाय भएको अनुभव गर्नुपर्ने छैन । उहाँहरुको अभिभावकत्व राज्यले लिनेछ ।

**ज्येष्ठ नागरिकका सम्बन्धमा यस विधेयकले महत्वपूर्ण व्यवस्था गरेको छ भन्नुभयो, केही उल्लेखनीय प्रावधानहरू के के हुन् त ?**

समाजमा पढेलेखेकाले पनि आफ्ना अभिभावकलाई आश्रममा छाड्ने गरिएकाले यस विधेयकमा उहाँहरूका सवालमा सन्तानलाई उत्तरदायी बनाइएको छ । यस विधेयकमा विशेषगरी परिवारको व्याख्या गरिएको छ । यसमा छोराछोरी, बुहारी र छोरातर्फको सन्तानपछि छोरीतर्फको नातिनातिना पनि थप गरिएको छ । ज्येष्ठ नागरिकप्रति निजका सन्तानलाई नै यसले जिम्मेवार बनाउने विषय यसमा समावेश गरिएको छ । ज्येष्ठ नागरिकलाई सन्तानले लालनपालन, हेरविचार गरेनन् भने कानूनअनुसार कोही हकवालालाई जिम्मा लिन मिल्ने विषय पनि यस विधेयकमा समावेश रहेको छ भने दुवैले जिम्मा लिने अवस्था नआए त्यसको सम्पूर्ण जिम्मा राज्यले लिनुपर्ने व्यवस्था यसमा स्पष्टरुपमा उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेको वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई ज्येष्ठ नागरिकको हकहितका लागि परिचालन गर्ने व्यवस्था गरिएको छ । यसरी आफ्ना बाबुआमाप्रति सन्तान उत्तरदायी भएनन् भने स्थानीय सरकारलाई उत्तरदायी बनाइएको छ । यस विधेयकले परिवारलाई मात्र नभई छरछिमेकलाई समेत उत्तरदायी बनाउन खोजेको छ । कुनै परिवारमा ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार वा कुनै पनि खालको हिंसा भएको जानकारी छिमेकीलाई अवगत भएमा उनीहरुले पनि त्यसको सूचना स्थानीय तहलाई गराउनुपर्छ । वृद्धवृद्धा स्वयंले उजुरी गर्न नसकेमा छिमेकीले उजुरी गरेमा पनि कानुन आकर्षित हुने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक राष्ट्रको गहना भएकाले उहाँहरूको सीप, ज्ञानको उपयोग गर्नेतर्फ सबैले ध्यान दिनुपर्छ ।

**ज्येष्ठ नागरिकले आफूलाई मर्का परेका विषयमा कसरी र कहाा उजुरी गर्न सक्छन् ?**

अन्य नागरिकसरह ज्येष्ठ नागरिकले आफूलाई छोराछोरी वा अन्य हकवाला नातेदारले उचित पालनपोषण, हेरचाह नगरेमा त्यसका बारेमा स्थानीय निकायको न्यायिक समितिमा उजुरी दिन सक्नेछन् । यस्तो उजुरी छोटो विधिबाट सुनुवाइ गर्न समितिले अलग्गै कार्यविधि तर्जुमा गर्न सक्नेछ । साथै, ज्येष्ठ नागरिकका मुद्दा हेर्नका लागि न्यायपरिषद्को परामर्शमा छुट्टै ज्येष्ठ नागरिक इजलास गठन गर्नसक्ने व्यवस्था पनि विधेयकमा गरिएको छ ।

**आर्थिक अवस्था सम्पन्न भएका ज्येष्ठ नागरिकको लालनपालन गर्ने व्यक्ति नहुादा पनि उनीहरुले अनेक समस्या झेल्नुपरेको छ । यसमा यहााले के सोच्नुभएको छ ?**

हो, हाम्रो समाजमा आर्थिक हिसाबले सम्पन्न रहेका ज्येष्ठ नागरिकले पनि सहाराविहीन बन्नुपरेको छ । जापानलगायत धेरै देशमा नेपालबाट ज्येष्ठ नागरिकको हेरविचार गर्न रोजगारीका लागि धेरै कामदार जाने गरेका छन् । अब हामी देशमै यस किसिमको रोजगारीको अवसर सिर्जना गर्दैछौँ । नेपालमै आर्थिक हिसाबले सम्पन्न ज्येष्ठ नागरिकको हेरचाह गर्ने व्यक्तिका लागि तालिम सञ्चालन गर्नेछौँ र उनीहरुलाई स्वदेशमै रोजगारी दिनेछौँ । यसका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ । यसले राज्यलाई पनि फाइदा हुनेछ भने रोजगारीको पनि अवसर प्राप्त हुनेछ । आफ्नै आर्जन भएका वा विदेशमा रहेका छोराछोरीले आफ्ना बाबुआमाको हेरचाह गर्ने भरपर्दो व्यक्ति भएमा आवश्यक रकम पठाउन तयार रहेकाले यसलाई छिट्टै कार्यान्वयनमा ल्याउनेछौँ । मैले आमाबुबा पालेको छु भन्नुभन्दा म आमाबुबासँग बसेको छु भन्ने सोच हरेक छोराछोरी र बुहारीमा आएमा ज्येष्ठ नागरिकका समस्या धेरै हदसम्म समाधान हुनसक्ने भएकाले हाम्रो सोचमै परिवर्तनको खाँचो छ ।

**छोराछोरीले कमाएको निश्चित रकम बाबुआमालाई दिनुपर्ने बाध्यात्मक व्यवस्थाको कार्यान्वयन कसरी हुन सक्दछ ?**

यस विधेयकले नियमित पारिश्रमिक, निवृत्तिभरण पाइरहेका तथा स्वरोजगार व्यक्तिले निश्चित रकम बाबुआमाका नाममा खाता खोली जम्मा गर्नुपर्छ । यसरी जम्मा गरेको जानकारी वार्षिकरुपमा व्यक्तिले स्थानीय तहलाई गराउनुपर्छ । रकम जम्मा नगरे यसो नगरे उक्त छोराछोरीलाई सम्पत्ति लिने अधिकार पनि हुँदैन भने बाबुआमाले दायित्व भएका व्यक्ति कार्यरत संस्थामा उजुरी गर्न पाउने व्यवस्था गरिएको छ । कति रकम जम्मा गर्ने भन्ने विषयमा विधेयकमा नभए पनि पछि बन्ने नियमावलीमा स्पष्ट उल्लेख गरिनेछ । यसमा बुबाआमा सँगै बस्नुहुन्छ भने सयुक्त खाता खोल्ने र फरकफरक बस्ने अवस्थामा फरक फरक खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**विधेयकमा ज्येष्ठ नागरिकको सबालमा स्थानीय तहलाई बढी नै जिम्मेवार बनाउन खोजिएको देखिन्छ । के हाम्रा स्थानीय तहहरू ती प्रावधानहरू कार्यान्वयन गर्न सक्षम छन् त ?**

विधेयक प्रमाणीकरण भई ऐन बनेपछि स्थानीय सरकारलाई यसमा जिम्मेवार बनाइनेछ । स्थानीय तहले ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनको तयारी गर्नेछन् । दिवा स्याहार केन्द्र वा आवास गृहको प्रबन्ध गर्नुपर्ने हुन्छ । यसका लागि मन्त्रालयले सम्पूर्ण स्थानीय तहलाई बाध्यकारी तरिकाबाट सूचना प्रवाह गर्ने भनाइ । यस विधेयकलाई ज्येष्ठ नागरिकसमक्ष पुऱ्याउनका लागि स्थानीय तहले जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने हुन्छ । अशक्त अवस्थामा रहनुभएको अर्थात् घर बाहिर निस्कन नसक्ने ज्येष्ठ नागरिकको हकमा वृद्धाभत्ता पनि घरमा नै पुऱ्याउने व्यवस्था गर्नुपर्छ भन्दै मन्त्रालयले सबै स्थानीय तहलाई पत्राचार गरेको भए पनि अझै धेरैले त्यसलाई कार्यान्वयन नगरेकाले तत्काल त्यसको कार्यान्वयन गर्न आग्रह गर्दछु ।

**सरकारले यस वर्ष ज्येष्ठ नागरिकलाई दिइने भत्ताको उमेर हद ७० वर्षबाट घटाएर ६८ वर्ष कायम गरेको छ । यसलाई कार्यान्वयन गर्न कत्तिको सहज देख्नुहुन्छ ?**

ज्येष्ठ नागरिकप्रति वर्तमान सरकार निकै उदार रहेको छ । वर्तमान सरकारले यस वर्षको बजेटमा ७० वर्षलाई घटाएर ६८ वर्ष कायम गरेको छ । नेपालीहरुको औसत आयुको आसपास ७० वर्षमा भत्ता वितरण गरेर खासै उपलब्धि नहुने भएकाले यसलाई हाललाई दुई वर्ष घटाएका छौँ । अन्तर्राष्ट्रिय अभ्यासमा ६५ वर्षबाट नै ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था रहे पनि हाल नेपालमा त्यसो गर्नसक्ने अवस्था छैन तर छिट्टै ६५ वर्षमै ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

**ज्येष्ठ नागरिकका लागि छुट्टै अस्पताल बनाउने कुरा के भइरहेको छ नी ?**

ज्येष्ठ नागरिकका लागि ५० बेडको अस्पताल बनाउनका लागि डिपिआरको काम सम्पन्न भएको छ । उहाँहरुका लागि एउटा मात्रै अस्पतालले नपुग्ने भएकाले गोठाटारबाहेक देशका अन्य स्थानमा पनि अस्पताल निर्माणका लागि छलफल भइरहेको छ । गोठाटारमा अस्पतालसँगै उहाँहरुको लागि आश्रम पनि निर्माण गरिनेछ । त्यहाँको निर्माणको काम सम्पन्न भएसँगै पशुपति वृद्धाश्रममा रहनुभएका सबै आमाबुबालाई गोठाटारमा लैजाने तयारी मन्त्रालयको छ । वृद्धाश्रममा राखेर समाधान खोज्नु हुँदैन । वृद्धाश्रम बाध्यताको उपज रहेकाले त्यसतर्फभन्दा घरलाई स्वर्ग बनाउँदै परिवारसँग बस्ने वातावरण बनाउनुपर्छ । जीवनभर कमाइ गरेर निर्माण गरेको घर नै ज्येष्ठ नागरिकको मन्दिर हो र सन्तान त्यसका पुजारी हुन् ।

**अन्त्यमा केही भन्न चाहनु हुन्छ कि ?**

सन्तानले घरलाई नै स्वर्ग बनाएर बस्नसक्ने वातावरण निर्माण गर्ने गरी विधेयक आएको छ । अस्पताल र सार्वजनिक यातायातमा पनि ज्येष्ठ नागरिकलाई केही सहुलियतको व्यवस्था गरिएको भए पनि त्यस विषय पूर्णरुपमा कार्यान्वयन हुन नसकेकाले सम्बन्धित मन्त्रालयले त्यसतर्फ ध्यान दिन परिपत्र गरेका छौँ । हामीले सन्तानलाई नै जिम्मेवार बनाउन खोजेका छौँ । यदि जिम्मेवार बहन गर्न नखोजेको अवस्थामा ज्येष्ठ नागरिकलाई अलपत्र पार्न हुन्न भन्ने सरकारको मनसाय हो । त्यसैले हरेक छोराछोरीले भोलि आफू पनि वृद्ध भइन्छ भन्ने वास्तविकतालाई सम्झँदै आफ्ना बाबुआमाको उचित पालनपोषण, हेरविचार गर्न सबैसँग आग्रह गर्दछु ।रासस

# नाइजेरिया सैनिक कारबाही : उनान्तीस जना मारिए



**सिन्ह्वा**

अबुजा । नाइजेरियाली सेनाले देशको उत्तरी क्षेत्रमा आतङ्ककारीविरुद्ध गरेको कारबाहीमा कम्तीमा पनि २९ जनाको मारिएका छन् भने ५५ जनालाई नियन्त्रणमा लिइएको छ।

अतिवादीहरूको बाहुल्य रहेको उक्त क्षेत्रमा राष्ट्रिय सेनाले केही दिनदेखि सुरक्षा कारबाही जारी राखेको छ। कारबाहीका क्रममा ५५ जनालाई हतियारसहित पक्राउ गरिएको सैनिक प्रवक्ता बर्नार्ड ओनिएकुले यहाँ आयोजित पत्रकार सम्मेलनमा बताउनुभयो। आतङ्ककारीको अपहरणमा परेका ५२ जनालाई अपहरणमुक्त गरिएको जानकारी दिँदै उहाँले अतिवादी समूह बोको हरामका सशस्त्र सदस्यले उनीहरूलाई बन्दी बनाएका बताउनुभयो। आज मारिएका र पक्राउ परेका सबै उक्त समूहका लडाका हुन्।

देशका विभिन्न भागमा हिंसात्मक गतिविधि गर्दै आएको बोको हराम समूहविरुद्ध सेनाले सशक्त अभियान सञ्चालन गर्दै आएको छ। सैनिक कारबाहीका बीच उक्त समूहका केही सदस्यले सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरेका छन्।

# कार्यालयमा हतियारसहित प्रवेशको प्रयास गर्ने एक जना मारिए

**सिन्ह्वा**

वासिङ्टन। सिन्सिनाटीस्थित सङ्घीय अनुसन्धान ब्यूरो (एफबिआई) को कार्यालयमा प्रवेश गर्न खोज्ने एक जना हतियारधारीको कानुन कार्यान्वयन निकायका अधिकारीहरूसँगको झडपमा मृत्यु भएको छ।




शुक्रबार बिहान हतियार बोकेका एक जनाले एफबिआईको कार्यालयमा जबर्जस्ती पस्ने प्रयास गरेको र उसले कार्यालय प्रवेशपूर्वको सुरक्षा प्रक्रिया उल्लङ्घन गरेपछि केहीबेर भनाभन भएको थियो।

सुरक्षा अधिकारीहरूले सम्झाउने प्रयास गर्दा ती हतियारधारीले गोली चलाएपछि जवाफी कारबाहीमा उनको मृत्यु भएको हो। घटनास्थलमा नै ती हतियारधारी सन्दिग्धको ज्यान गएको ओहायोको प्रहरीले जनाएको छ।

कानून कार्यान्वयन इकाइका अधिकारीहरूले ती सन्दिग्धलाई छलफल तथा कम घातक रणनीति अख्तियार गरेर नियन्त्रणमा लिने प्रयास गरेका तर निज त्यहाँबाट भागेको र पुनः पक्राउको प्रयास गर्दा गोली प्रहार गरेकाले सुरक्षाकर्मीहरूको जवाफी कारबाहीमा निजको मृत्यु भएको प्रहरीको भनाइ छ।

एफबिआईको कार्यालयमा हतियारसहित प्रवेश गर्ने निजको प्रयास, त्यसको मनसाय के थियो भन्ने स्पष्ट भएको छैन। अधिकारीहरूले त्यसको अनुसन्धान गरिरहेका छन्। यो घटना पूर्वराष्ट्रपटि डोनाल्ड ट्रम्पको फ्लोरिडा पामबिचस्थित निवासमा एफबिआईले छापा मारेको केही दिनपछि भएको हो।रासस

# विश्वकप फुटबलको खेल तालिका परिवर्तन




जुरिच। विश्वभरका फुटबल खेलप्रेमीहरूले महाकुम्भको रूपमा लिएको विश्वकप फुटबल प्रतियोगिताको खेल तालिका परिवर्तन भएको छ।

कतारमा आगामी मङ्सिर ५ गतेदेखि प्रारम्भ हुने फिफा वल्डकप २०२२ एक दिन अगाडि अर्थात् मङ्सिर ४ गतेदेखि हुने भएको छ।

निर्धारित मितिभन्दा एक दिन अगाडि उद्घाटन समारोह र उद्घाटन खेल प्रतियोगिता आयोजक देश कतारसँग हुने कार्यतालिकामा केही हेरफेर गरिएको अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले घोषणा गरेको छ।


मूल खेल तालिकाअनुसार मङ्सिर ५ गतेका लागि निर्धारण गरिएको सेनेगल र नेदरल्याण्डस् बीचको खेल सोही दिन हुनेछ तर उद्घाटन समारोह र हरेक चार वर्षपछि हुने विश्कप प्रतियोगिताको पहिलो खेल भने अब मङ्सिर ४ गते अपराह्न ७ बजे कतार र इक्वेडरबीच हुनेछ।

यसअघि मङ्सिर ५ गतेका लागि सेनेगल र नेदरल्याण्डस् तथा कतार र इक्वेडरबीच स्पर्धा हुने कार्यक्रम निर्धारण भएको थियो। फिफाले विश्कप फुटबल प्रतियोगितको परम्पराअनुसार खेल आयोजक राष्ट्र र डिफेन्डिङ च्याम्पियनबीच पहिलो स्पर्धा गराउने लामो समयदेखिको अभ्यासलाई सुनिश्चित गर्न पहिलो दिनको खेल तालिकामा केही परिवर्तन गरिएको स्पष्ट गरेको छ।

बाँकी खेलहरू पूर्वनिर्धारित तालिकाअनुसार सञ्चालन हुने पनि फिफाले प्रस्ट पारेको छ।रासस

# विद्यालय शिक्षाबाट बञ्चित दशौँ हजार अफगान बालिकाहरूको भविष्य अनिश्चित

**एपी**



काबुल। अफगानिस्तानको शासन व्यवस्था तालिबानले सम्हालेको एक वर्ष भयो। एक वर्षदेखि देशका अधिकांश किशोर-किशोरीले कक्षाकोठामा पाइला राख्न पाएका छैनन्।

महिलाप्रतिको तालिबानको कठोर निर्णयले विशेषगरी किशोरीहरू विद्यालय शिक्षाबाट बञ्चित भएका छन्। सत्तारूढ तालिबानले उनीहरूलाई विद्यालयमा फर्कन अनुमति दिने कुनै सङ्केत नदेखाएकाले केही समाजसेवीले किशोरी पुस्ताको शिक्षालाई निरन्तरता दिने उपाय खोजिरहेका छन्।

काबुलको एउटा घरमा सोदाबा नाजहन्दले भूमिकगतरूपमा स्थापना गरेको अनौपचारिक विद्यालयमा पढ्न दर्जनौँ केटी भेला भएका छन्। सोदाबा र उनकी बहिनी माध्यमिक विद्यालयका ती केटीलाई अङ्ग्रेजी, विज्ञान र गणित पढाउँछिन्।

महिलाहरूको शिक्षा र काम गर्न पाउने अधिकार खोस्ने तालिबानलाई गतिलो जवाफ दिन सोदाबाले केटीहरूलाई पढाएर त्यो कठोर निर्णयविरुद्ध आफू खडा भएको बताइन्। छ कक्षासम्मका किशोरीलाई विद्यालय जानबाट तालिबानले प्रतिबन्ध लगाएपछि भूमिगतरूपमा उनले अनौपचारिक विद्यालय सञ्चालन गरेकी हुन्।

तालिबानले महिलाहरूलाई विश्वविद्यालय जान अनुमति दिए पनि उच्च माध्यमिक विद्यालयबाट उत्तीर्ण भएका किशोरी नहुँदा त्यो अनुमति अप्रासङ्गिक भएको उनको ठम्म्याइ छ। विश्वविद्यालय र माध्यमिक विद्यालयबीचको विशाल रिक्ततालाई सम्बोधन गर्ने कुनै उपाय नहुँदा उनी ज्यादै दुःखी र चिन्तित छन्।

सहायता निकाय सेभ द चिल्ड्रेनले शिक्षामा लगाइएको प्रतिबन्धको प्रभाव मूल्याङ्कन गर्न देशका सात प्रान्तमा नौ देखि १७ वर्ष उमेर समूहका करिब एक हजार सात सय केटाकेटीसँग अन्तर्वार्ता लिएको थियो। सेभ द चिल्ड्रेनले दुई महिना लगाएर गरेको सर्वेक्षणमा किशोरहरूको तुलनामा धेरै किशोरीहरू विद्यालय जान नपाएको देखाइएको छ।

गत बुधबार सार्वजनिक गरिएको सर्वेक्षणअनुसार २० प्रतिशत किशोरहरूको तुलनामा ४५ प्रतिशतभन्दा बढी किशोरीहरू विद्यालय नगएको पाइएको छ। सोह्र प्रतिशत केटाहरूको तुलनामा २६ प्रतिशत केटीहरूमा 'डिप्रेसन'का लक्षण देखिएको छ।

पहिलेदेखि नै चरम गरिबीको दुष्चक्रमा फसेका अफगानिस्तानका जनता अतिवादी समूह तालिबानले सत्ता कब्जा गरेपछि विश्व समुदायबाट पाउने वित्तीय सहायताबाट पनि बञ्चित भए। कमजोर आर्थिक अवस्था भएका लाखौँलाई भोकभोकै बस्न बाध्य बनायो।

शिक्षक, अभिभावक र विज्ञहरू सबैले देशको बिग्रँदो अर्थतन्त्रप्रति गहिरो चिन्ता व्यक्त गर्दै आफ्ना छोरीहरूको पढाइ रोकिएकामा रोष प्रकट गरेका छन्। तालिबानको अव्यावहारिक निर्णयले अन्ततोगत्वा छोरीहरूको भविष्य अन्धकारतर्फ धकेलेको छ। महिलामाथि काममा लगाइएको प्रतिबन्ध, पोशाकको नियमले छोरीचेली नराम्ररी प्रताडित भएका छन्। आँखाबाहेक शरीर पूरै ढाक्नुपर्ने आदेश पालना गर्न विवश छन् उनीहरू। यद्यपि त्यो आदेशको पनि कहिलेकाहीँ उल्लङ्घन भएको छ।

अन्तर्राष्ट्रिय समुदायले तालिबानसँग सबै उमेर समूहका नारीका लागि विद्यालय खोल्न माग गरिरहेको छ। संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घले तालिबानमार्फत वित्तीय सहायता उपलब्ध नगराई अफगानिस्तानका शिक्षकहरूलाई सोझै तलब दिने योजना बनाएका छन्।

कतिपयले किशोरीहरूलाई विद्यालय फर्काउने चाहेका छन् भने केहीले त्यसप्रति आपत्ति जनाएका छन्। धर्मका नाममा उनीहरूलाई आधारभूत अधिकारबाट बञ्चित गर्न नहुने मत तालिबानभित्रैबाट व्यक्त भएको छ। विश्व समुदायसँगको सम्बन्ध सुधारका निम्ति पनि महिलामाथिको अमानवीय प्रतिबन्ध हटाउनुपर्ने पक्षमा आवाज उठिरहेको छ।

सन् १९९० को दशकमा अफगानिस्तानमा पहिलोपटक शासन गर्दा तालिबानले महिलाहरूमाथि धेरै कडा प्रतिबन्धहरू लगाएको थियो। त्यतिबेला किशोरीहरू विद्यालय जान पाएनन् भने घरबाट बाहिर निस्कँदा अनिवार्यरूपमा बुर्का लगाउनुपर्ने उर्दी पालना गर्न विवश भए।

तालिबान सत्ताबाट हटेको २० वर्षपछिको अवधिमा सहरी क्षेत्रका महिलाहरूको एउटा पूरै पुस्ता विद्यालय र काममा फर्कियो। देशमा क्रमिकरूपमा भएका परिवर्तनलाई स्वीकार गर्दै तालिबानले पनि आफ्ना नागरिकमाथि विगतको जस्तो व्यवहार नगर्ने आश्वासन दियो।

गत वर्ष फेरि सत्ता आफ्नो नियन्त्रणमा लिएपछि उसले त्यो आश्वासन दोहोऱ्यायो तर त्यसलाई कार्यान्वयन भने गरेन। केही सरकारी अधिकारीहरूले किशोरीहरूलाई विद्यालय फर्कन दिने सार्वजनिक अभिव्यक्ति पनि दिएका छन्। उनीहरूले त्यो इस्लामिक ढाँचा सुनिश्चित गर्ने गरी हुने पनि बताएका छन्। सरकारी अधिकारीहरूको उक्त भनाइ अझै कार्यान्वयन भएको छैन।

सोह्र वर्षीया शेकिबा कादेरीले विद्यालय जान नपाएपछि घरमै पढाइलाई निरन्तरता दिइरहेकी छन्। उनी पाठ्यपुस्तक, उपन्यास र इतिहासका पुस्तक पढिरहेकी छन् भने चलचित्र र युट्युब भिडियोमार्फत अङ्ग्रेजी सिकिरहेकी छन्। शेकिबा र उनकी कान्छी बहिनी विद्यालय जाँदैनन् तर उनका दुई भाइ सधैँ स्कुल पुग्छन्। उनकी दिदी एउटा निजी विश्वविद्यालयमा कानुन अध्ययनरत छन्।

तालिबानले सत्ता कब्जा गरेको एक महिनापछि नाजहन्दले आफ्नो घर नजिको 'पार्क'मा अनौपचारिक कक्षा सञ्चालन गरिन् जहाँ उनले सडक बालबालिकालाई पढ्न सिकाइन्। लेखपढ गर्न नसक्ने महिलाहरू पनि विस्तारै उनको पार्ककक्षामा आए। उनलाई पार्कमा पढाइरहेको देखेपछि एक जना परोपकारीले कक्षा सञ्चालनका निम्ति एउटा घर भाडामा लिइदिए आवश्यक फर्निचरको व्यवस्था पनि गरिदिए। नाजहन्दको भूमिगत विद्यालयमा अहिले छैटौँ कक्षाभन्दा माथिका ५० भन्दा धेरै विद्यालयका छात्रासहित दुई सय ५० विद्यार्थी पढिरहेका छन्।

नाजहन्दको भूमिगत विद्यालय विद्यार्थीहरूको लागि जीवनको महत्वपूर्ण स्थल बनेको छ। उनले शिष्यहरूलाई विद्यालयका पुस्तकका अतिरिक्त आफ्नो अधिकारका निम्ति सङ्घर्ष गर्न पनि सिकाइरहेकी छन्।

उनका अनुसार सन् १९९० दशकको उत्तरार्द्धमा सत्तामा आएको तालिबान र अहिलको तालिबानमा कुनै अन्तर छैन। नाजहन्द आफ्नो विद्यालयको भविष्यलाई लिएर पनि चिन्तित छन्। विद्यालय सञ्चालनमा सहयोग गरेका ती दाता अब यो दुनियाँमा छैनन्। उनले छ महिनाको घरभाडासहित अन्य आवश्यक सामग्रीको प्रबन्ध गरिदिएका थिए। नाजहन्दसँग घरभाडा तिर्ने र अन्य आवश्यक वस्तु खरिद गर्ने कुनै उपाय छैन।

# एकै दिन चार हजार आठ सय ३१ जनामा कोरोना सङ्क्रमण, दशको मृत्यु



**सिन्ह्वा**

क्वालालम्पुर। मलेसियामा बिहीबार रातिसम्म थप चार हजार आठ सय ३१ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। यहाँ पछिल्ला केही समयमा कोरोनाको सङ्क्रमण बढेको पाइएको हो। त्यसैगरी यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार गएको एकै दिनमा यहाँ १० जनाको ज्यान पनि गएको छ।

यहाँ भेटिएका पछिल्लो दिनका यी सङ्क्रमितहरू प्रायः सबैजसो देशभित्रैका रहेका बताइएको छ। मलेसियाको स्वास्थ्य मन्त्रालयले जनाएअनुसार यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि अहिलेसम्म कम्तीमा पनि ३६ हजार जनाको निधन भएको छ। त्यसैगरी सो मन्त्रालयले यहाँ अहिलेसम्म ४७ लाखभन्दा बढीमा सो सङ्क्रमण पाइएको पनि जनाएको छ। मलेसियाली सरकारले कोरोनाविरुद्धको खोपलाई प्राथमिकतामा राखेर लगाउने गरेकाले यहाँका सङ्क्रमतिहरुमा मृत्युदर भने निकै कम रहेको पनि बताइएको छ।

# एक लाख २८ हजार भन्दा बढी कोरियालीमा कोरोना सङ्क्रमण

**सिन्ह्वा**

सोल। दक्षिण कोरियामा एकैदिन एक लाख २८ हजार सात सय १४ जना कोभिड-१९ बाट सङ्क्रमित भएका छन्। बिहीबार प्रकाशित तथ्याङ्कको तुलनामा शुक्रबारको तथ्याङ्क घटेको पाइएको छ।

स्वास्थ्य अधिकारीहरूका अनुसार बिहीबार एक लाख ३७ हजार दुई सय ४१ जनामा कोरोना भाइरस पुष्टि भएको थियो। दक्षिण कोरियामा ओमिक्रोनको उपप्रजाति द्रुतगतिमा फैलिएको छ।

त्यसैगरी गम्भीर अवस्थामा बिरामीको सङ्ख्या पनि अघिल्लो दिनको तुलनामा ३५ ले बढेर चार सय ५३ पुगेको छ। सोही अवधिमा थप आठ जनाको मृत्यु भएसँगै महामारीमा परेर ज्यान गुमाउनेका सङ्ख्या २५ हजार चार सय ९९ पुगेको छ।

# भारतमा सोह्र हजारभन्दा बढी कोरोना सङ्क्रमित

सिन्ह्वा

नयाँदिल्ली। भारतमा एक दिनमा १६ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १६ हजार पाँच सय ६१ नयाँ सङ्क्रमित भएका हुन्।


यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४२ लाख २३ हजार पाँच सय ५७ जना पुगेका सङ्घीय स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको छ। भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख २३ हजार पाँच सय ३५ रहेको छ। कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४९ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २६ हजार नौ सय २८ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा हिजो एक दिनमा १८ हजार ५३ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३५ लाख ७३ हजार ९४ जना कोरोनामुक्त भएका छन्। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब ७ करोड ४७ लाख १९ हजार ३४ मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएयता हालसमम ८७ करोड ९० लाख भन्दा बढी जनाको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

# विष्फोटमा तालिबान धर्मगुरु शेख रहिमुल्लाह हक्कानीको मृत्यु

**एएनआई**

काबुल। अफगानिस्तानको काबुलमा बिहीबार भएको एक विस्फोटमा तालिबान धर्मगुरु शेख रहिमुल्लाह हक्कानीको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।



राजधानीमा भएको विस्फोटमा हक्कानी मारिएका टोलो समाचार समितिले जानकारी दिएको छ। अफगानिस्तानमा पछिल्ला हप्ताहरूमा शृङ्खलाबद्ध विस्फोटहरू भएका छन्। राजधानी काबुलको चन्दवाल, पुल-ए-सोख्ता र सरकारिजलगायतका धेरै क्षेत्रमा विस्फोटहरू भएका छन्।

अगस्ट छ मा काबुलको पश्चिममा पर्ने पुल-ए-सोख्ता क्षेत्रनजिक भएको विस्फोटमा कम्तीमा तीन जनाको मृत्यु हुनुको साथै अन्य सात जना घाइते भएका थिए। अफगानिस्तानमा भर्खरै भएको विस्फोटको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ। यसमा परी एक सय २० भन्दा बढी व्यक्ति मृत्यु र घाइते भएका छन्। यस विस्फोटको इस्लामिक स्टेट्सले दाबी गरेको छ। अफगानिस्तानमा रहेको संयुक्त राष्ट्रसङ्घको परिवारले अल्पसङ्ख्यकहरूको लागि ठूलो सुरक्षाको आग्रह गरेको छ।

# प्यालेस्टिनी बालबालिकाको हत्याप्रति चिन्ता

**एएनआई**

अमेरिका। इजरायली सेनाले कब्जा गरेको क्षेत्र र प्यालेस्टाइनमा भएका घटनामा यस वर्षको सुरुदेखि हालसम्म करिब ४० प्यालेस्टाइनी बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रमुख उच्चायुक्त मिशेल बाचेलेटले एक विज्ञप्तिमा बताउनुभएको छ।



"द्वन्द्वको क्रममा कुनै पनि बालबालिकालाई चोट पुऱ्याउनु गहिरो चिन्ताजनक कुरा हो र यस वर्ष धेरै बालबालिकाको हत्या र अपाङ्गसमेत पारिएको अव्यावहारिक हो", अल जजीराले ब्याचेलेटलाई उद्धृत गर्दै जनाएको छ।

गत हप्ता मात्रै कब्जा गरिएको प्यालेस्टाइन क्षेत्रमा १९ प्यालेस्टाइनी बालबालिकाको मृत्यु भएको थियो, यस वर्षको सुरुदेखि हालसम्म बालबालिकाको मृत्यु हुनेको सङ्ख्या ३७ पुगेको छ।

गत साताको अन्त्यमा इजरायली सेनाले गाजामा गरेको आक्रमणमा १७ जना बालबालिकाको मृत्यु भएको थियो। मङ्गलबार कब्जा गरिएको वेस्ट बैंकमा इजरायली कारबाहीमा थप दुई बालबालिका मारिएका अल जजीराले जानकारी दिएको छ। गाजामा इजरायली आक्रमणमा भारी सङ्ख्या सर्वसाधारण माएिका संयुक्त राष्ट्र सङ्घका मानव अधिकार प्रमुखले बताउनु भएको छ।

नागरिकहरुलाई मार्ने, घाइते पार्ने वा नागरिकका वस्तुहरुलाई क्षति पुऱ्याउने अन्तर्राष्ट्रिय मानवीय कानूनमा निषेध गरिएको छ। शुक्रबारदेखि आइतबारसम्मको तीन दिनको आक्रमणमा मारिएका ४८ प्यालेस्टाइनीहरूमध्ये कम्तीमा २२ जना सर्वसाधारण रहेका र ती मध्ये १७ बालबालिका र चार महिला भएका संयुक्त राष्ट्र मानवअधिकार कार्यालयले पुष्टि गरेको छ। इजरायली आक्रमणमा एक सय ५१ बालबालिका, ५८ महिला र १९ वृद्धवृद्धासहित सर्वसाधारण नागरिक घाइते भएका छन्।



भाई बहिनीको प्रेमको प्रतिक मानिने रक्षा बन्धन पर्वकालागि राखी बेच्दै व्यवसायी । तस्विर : रासस

# रिसोर्ट र पार्कबाट आम्दानी



विराटनगर । आम्दानी लिन सहरकै जग्गा हुनुपर्छ भन्ने होइन कुरालाई प्रमाणित गरेका छन् एक उद्यमीले । मोरङको बेलबारी नगरपालिकाक्षेत्रको लोहन्द्रा खोला पुलदेखि झण्डै २०० मिटर दक्षिण-पश्चिम क्षेत्रमा सुनसरी इटहरी उपमहानगरपालिका निवासी डम्बर तामाङले आफ्नो लगानीमा सुदर्शन मल्टिपल एग्रो रिसोर्ट सञ्चालनमा ल्याउनुभएको हो ।

चार बिघा १० कठ्ठा जग्गा खरिद गरेर सञ्चालनमा ल्याइएको सो रिसोर्ट हेर्न लायकको बनाउने क्रम जारी छ । आन्तरिक र बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न र यसै पेसा वा व्यवसायबाट आम्दानी गर्ने हेतुले सञ्चालनमा ल्याइएको सो रिसोर्टमा स्वीमिङ पुल,फिस थेरापी, पार्क र विभिन्न परिकारको खाना पाउने सुविधा रहेको रिसोर्टका प्रबन्धक भोजन राईले जानकारी दिनुभयो । बस्नका लागि अत्यन्त सुविधाजनक कोठा रहेको सो रिसोर्टमा राँगाभैंसी, खसीबोका, स्थानीय जातका कुखुरापालन पनि गरिएको छ ।अहिले तत्काल रु दुई करोड खर्च गरेर बनाइएको भौतिक संरचनाभित्र चार कठ्ठा जग्गामा विभिन्न प्रजातिका हेलिङसेन्टर पनि निर्माण गरिएको छ । कुरिलो र गुर्जोको खेती पनि सुरु गरिएको सो रिसोर्ट स्थानीय व्यक्तिका लागि मनोरञ्जनको केन्द्र बन्ने विश्वास गरिएको छ ।

बेलबारी नगरपालिका-२ स्थित लालभित्तीको सो रिसोर्टमा आउने मानिसले लोहन्द्रा खोलामा कलकल पानी बगेको र चारैतिर हरियाली हेर्न, चराचुरुङ्गीको आवाज सुन्न तथा शिरानतर्फ चुरे पहाडको दुष्यावलोकन गर्न पाउँदा झन मन आनन्दित हुने विश्वास गरिएको छ ।यसैगरी उद्यमी तामाङले विराटनगर निवासी सञ्जय अग्रवालसँगको साझेदारीमा सुनसरीको इटहरी उपमहानगरपालिका क्षेत्रमा ओसियन पार्क पनि निर्माण गर्नुभएको छ ।नेपालकै सबैभन्दा ठूलो स्विमिङ पुल रहेको सो पार्कमा, वाटर पार्क, होटल, लज, हेल्थ क्लबजस्ता सुविधा रहेको उहाँले जानकारी दिनुभयो ।

एघार वर्ष अघि रु २१ करोडको लागतमा सञ्चालनमा ल्याइएको सो पार्कको क्षेत्रफल तीन बिघा छ । प्रवेश शुल्क निःशुल्क रहेको पार्कमा चाडपर्व र बिदाको दिन अत्यधिक भीड लाग्ने गरेको छ । कारोनाकालमा केही मन्दी आए पनि हाल पार्कले आम्दानी दिन थालेकोमा उद्यमी तामाङले खुसी व्यक्त गर्नुभयो । यी दुबै पार्कमा दर्जनौं मानिसले नियमीत रोजगारी पनि पाएका छन् ।रासस

# विदेशबाट फर्केर पशुपक्षी फार्म

कञ्चनपुर । भीमदत्त नगरपालिका- १४स्थित नयाँ कटानका दिलबहादुर चौधरीले विदेशबाट फर्केपछि पशुपक्षी फार्म सञ्चालनबाट मनग्ये आम्दानी लिँदै आउनुभएको छ । कतारमा झण्डै डेढ दशक बिताएर फर्किनुभएका उहाँले घरमै रु १३ लाख लगानी गरी रिदम पशुपक्षी फार्म सञ्चालन गर्नुभएको हो ।

चौधरीको फार्ममा चिनिया, निसान, डिउरो, हेमसार, योगसार र धराने कालोबङ्गुर जातका १० वटा बङ्गुर, चार हजार ब्रोइलर कुखुरा, एक सय स्थानीय जातका कुखुरा र २५ वटा बाख्रा छन् । गत वैशाखमा मात्रै उहाँले ३५ वटा बङ्गुरका पाठा बिक्री गरी रु एक लाख पाँच हजार आम्दानी गर्नुभयो । अझै फार्ममा २२ बङ्गुरका पाठा बेच्नका लागि तयारी अवस्थामा छन् ।

गत महिना मात्रै चौधरीले रु तीन हजारको कुखुरा बिक्री गर्नुभयो । फार्ममा पालिएका ब्रोइलर कुखुरा चार पटक बिक्री गरिसक्नु भएका उहाँलाई सुरुको दुई पटक खासै नाफा नभए पनि पछिल्ला दुई पटक भने सोचेभन्दा राम्रै नाफा भएको छ । वर्षमा चौधरीले फार्मबाट रु पाँच लाख आम्दानी गर्दै आउनुभएको र यसबाट परिवारको खर्च सहज रुपमा चलेको छ ।

फार्ममा रहेका बङ्गुर, बाख्रा, ब्रोइलर कुखुरा र स्थानीय जातका कुखुरा बेच्नका लागि बजारको निकै अभाव छ उहाँले भन्नुभयो, ग्राहक खोज्दै बजार चहार्दै हिँडनु परेको छ ।

निकै प्रतिस्पर्धा हुँदा सस्तोमै फार्ममा पालिएका पशुपक्षी बेच्नुपर्ने बाध्यता छ । फार्ममा रहेका पशुपक्षी बिक्रीका लागि बजार सहज भए व्यवसायलाई विस्तार गर्न सकिने चौधरीले बताउनुभयो ।

फार्ममा बढी लगानी गरे डुब्ने डर छ । बजारको अवस्था हेरेर पशुपक्षी पालिएको उहाँले उल्लेख गर्नुभयो । विसं २०७७ मा वैदेशिक रोजगारीबाट घर फर्केपछि स्वदेशमै केही गर्नुपर्छ भन्ने मनसाय लिएर फार्म सञ्चालन गरेको चौधरीको भनाइ थियो ।

विदेशी भूमिमा पसिना चुहाएर १८ घण्टाभन्दा बढी चर्को घाममा काम गर्नुपर्दथ्यो उहाँले भन्नुभयो, ँत्यही दुःख सम्झदै स्वदेशमै काम गर्ने निधो गरी फर्केको हुँ । फार्म सञ्चालन गरेपछि परिवारको खर्च चलेको र फार्ममा विहानीको झिसमिसेसँगै झमक्क साँझ नपरुञ्जेलसम्म काम गर्ने गरेको चौधरीले बताउनुभयो ।

फार्ममा उहाँसंगै उहाँकी श्रीमती र घरका अन्य सदस्यलेसमेत साथ दिँदै आएका छन् । कोरोना सङ्क्रमण फैलिएपछि दुई बजार नपाउँदा फार्ममा पालिएका पशुपक्षी घाटा खाएर बेच्नु परेको दुःखेसो चौधरीको थियो ँकोरोनाका कारण व्यवसाय नै थला पर्‍यो उहाँले भन्नुभयो, ँलगानी आधा डुब्यो । कोरोनाको सङ्क्रमण घटेसँगै हाल व्यवसायले गति लिन थालेको छ । अझै व्यवसायलाई विस्तार गर्ने चौधरीको सोच छ ।

त्यसका लागि लगानी जुटाउन विभिन्न बैंकमा पुगेपनि ऋण भने पाउन कठिन भएको छ ँबैंकले आर्थिक मन्दिका कारण ऋण दिन बन्द गरेका छन उहाँले भन्नुभयोँ,ऋण पाइए व्यवसायलाई विस्तार गरी नगरपालिकामै नमूना पशुपक्षी फार्म सञ्चालन गर्ने योजना छ । सरकारी अनुदानसमेत चौधरीले हालसम्म पाउन सक्नुभएको छैन ।

# धान र गहुँको बीउ उत्पादनमा आत्मनिर्भर

सुदूरपश्चिम । धान र गहुँको उन्नत बीउबिजन उत्पादनमा कैलाली जिल्ला आत्मनिर्भर भई उत्पादित बीउ जिल्ला बाहिरसमेत निर्यात हुन थालेको छ । जिल्लामा वर्षभरिमा झण्डै ३६ हजार क्विन्टल धान र ४५ हजार क्विन्टल गहुँको उन्नत बीउ आवश्यकता रहेकामा उक्त परिमाणभन्दा बढी बीउ उत्पादन भइरहेको कृषि ज्ञान केन्द्र कैलालीले जनाएको छ ।

ँबर्खे धानखेती गरिने क्षेत्रफल र गहुँको उन्नत बीउ उत्पादनको हकमा कैलाली जिल्ला देशमै पहिलो स्थानमा छ’, ज्ञान केन्द्रका प्रमुख खगेन्द्रप्रसाद शर्माले भन्नुभयो,ँपछिल्ला वर्षमा धान र गहुँको बीउ उत्पादनमा आत्मनिर्भर भई अन्य जिल्लामा निर्यात हुन थालेको छ ।’



जिल्लाको झण्डै एक हजार हेक्टरमा चैते धानखेती र झण्डै ७१ हजार सात सय हेक्टर जग्गामा वर्षे धानखेती गरेर वर्षको दुई पटक धानखेती हुने गरेको छ । यस्तै झण्डै ३५ हजार हेक्टरमा गहुँ खेती हुने गरेको छ । प्रतिहेक्टरमा धान खेती गर्न ५० किलो र गहुँ खेती गर्न १२० किलो बीउ आवश्यक पर्ने गर्दछ ।

सरकारी स्वामित्वको बीउबिजन कम्पनीले उन्नत बीउको उत्पादन र बिक्री गर्दै आएकामा पछिल्ला वर्षमा निजी क्षेत्रका एक दर्जनभन्दा बढी बीउबिजन कम्पनी, सहकारी संस्था र कृषक समूहले समेत उन्नत बीउ उत्पादन गर्दै आएका छन् ।

कतिपय बीउ कम्पनीले सरकारबाट अनुमति लिएर धान र मकैमा हाइब्रिड उत्पादनसमेत शुरु गरेका छन् । यी दुई मुख्य खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बढाउन नयाँ जातको बीउको विकास भएको मात्र नभई खेती गर्न नयाँ-नयाँ प्रविधिसमेत भित्रिन थालेको छ ।

कृषि क्षेत्रको विकासका लागि छुट्टाछुट्टै रूपमा कार्यान्वयनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री एकीकृत कृषि विकास कार्यक्रमअन्तर्गत कृषकहरुलाई प्राविधिकलगायतमा विभिन्न सहयोग उपलब्ध भइरहेको छ । यी दुवै कार्यक्रममार्फत उन्नत बीउ उत्पादन तथा बजारीकरण, सिँचाई तथा कृषि यान्त्रिकीकरणलाई प्राथमिकता दिइएको कृषि ज्ञानकेन्द्रका प्रमुख शर्माले बताउनुभयो ।

प्रदेशको भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालयको पहलमा कञ्चनपुरको पुनरवास क्षेत्रमा वर्षौंदेखि बाँझो अवस्थामा रहेको राष्ट्रिय आवास कम्पनीको ७४ बिघा जग्गा भाडामा लिई धान र गहुँको उन्नत बीउ उत्पादन कार्यक्रम भइरहेको छ ।

धनगढी उपमहानगरपालिकाका किसान ललित रानाले घरमै राखिएको स्थानीय जातको बीउको प्रयोग गर्दाको तुलनामा उन्नत बीउको प्रयोगले धान र गहुँबालीको उत्पादन सोचेअनुसारको भइरहेको अनुभव सुनाउनुहुन्छ । उन्नत बीउको प्रयोगले उत्पादन बढेको भए पनि भरपर्दो सिँचाइको सुविधाको अभाव र रासायनिक मल समयमै उपलब्ध नहुने समस्याले हैरानी खेप्नुपरेको उहाँको भनाइ छ ।

बीउ उत्पादक कम्पनी सिड कम्पनी धनगढीका अध्यक्ष लक्ष्मीकान्त ढकालले बीउको गुणस्तरका दृष्टिमा कैलालीमा उत्पादन हुने गहुँको बीउ देशैभरि उत्कृष्ट रहेको बताउनुभयो । ँयहाँ उत्पादन हुने गहुँको बीउ पूर्वी तराईका जिल्ला हुँदै भारतको बिहारसम्म जाने गरेको छ’, उहाँले भन्नुभयो, ँबीउमा आत्मनिर्भर भए पनि कृषिको उत्पादन र बजारीकरणको सवालमा सरकारी नीतिको प्रभावकारी कार्यान्वयनमा समस्या देखिँदा खाद्यान्न आपूर्तिको पर्याप्ततामा पनि समस्या देखिन थालेको छ ।’

उन्नत बीउको प्रयोग बढेसँगै रैथाने जातका बालीको खेती भने विस्तारै हराउन थालेको छ । कैलाली, कञ्चनपुरलगायतका जिल्लाको ठूलो क्षेत्रफलको जग्गामा विगतमा गरिने स्थानीय जातको कालो धान, आइरेट, गुर्रा, राईमनुवा, सौँटेरी जस्ता धानको बीउ हराइसकेको किसानको भनाइ छ ।

स्थानीय जातको बीउ प्रयोग गर्दा हुने उत्पादकत्वको तुलनामा उन्नत जातको बीउ प्रयोगले २० देखि २५ प्रतिशतले उत्पादकत्व वृद्धि हुने गरेको कृषि प्राविधकको भनाइ छ । नेपालमा उन्नत बीउको प्रतिस्थापन दर बढेर झण्डै १८ देखि २० प्रतिशत पुगेको जनाइएको छ । ‘सिड भिजन २०२५’ सम्म उन्नत बीउको प्रतिस्थापन दर तरकारीको शतप्रतिशत, मकैको ३३ र अन्य बालीको २५ प्रतिशत पुर्‍याउने लक्ष्य लिइएको बताइएको छ । बालीहरुको उत्पादकत्व वृद्धि भइरहेको भए पनि नेपालमा बर्सेनि ठूलो परिमाणमा खाद्यान्न विदेशबाट आयात भइरहेको तथ्याङ्क छ ।रासस

# दूधले उचित मूल्य नपाउँदा भोजपुरका किसान चिन्तित

भोजपुर । उत्पादित दूधले उचित मूल्य नपाउँदा भोजपुरका किसान चिन्तामा परेका छन् । दैनिक उपभोग्य वस्तु तथा दुग्धजन्य परिकारको मूल्य बर्सेनि बढेपनि दूधको मूल्यमा भने वृद्धि हुन नसकेपछि उनीहरु चिन्तित बनेका हुन् । दैनिक उपभोग्य वस्तुको मूल्य बढेपनि दूधको मूल्य भने विगत १० वर्षदेखि मूल्य समान रहेको किसानको गुनासो छ । बजार मूल्य वृद्धिका आधारमा दूधको मूल्य पनि बढाउनुपर्ने भोजपुर नगरपालिका-४ शिद्धेश्वरमा व्यावसायिक रुपमा पशुपालन गरिरहेका स्थानीय गणेश विष्टले बताउनुभयो । पशुलाई खुवाउनुपर्ने दानाको भाउको मूल्य वृद्धि भए पनि दूध भने दशवर्ष अघिकै मूल्यमा बेच्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

चौबीस वर्षीय किसान विष्टले पाँच वर्षदेखि व्यावसायिक रुपमा गाईपालन गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो,“ अन्य वस्तुको बजार मूल्य धेरै बढेको छ । गाईबस्तुलाई खुवाउने दानामा २५ देखि ३० प्रतिशतसम्म मूल्य बढेको छ । तर दूध भने पहिलाकै मूल्यमा बिक्री गर्दै आएको छु । यसको कारण व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था छ ।”बजारमा दूधको मूल्य रु ७० देखि १०० सम्म भए पनि आफूले भने रु ४५ देखी ५५ सम्म मात्र पाउने गरेको उहाँको भनाइ छ । सरोकारवाला पक्षले दूधको मूल्य वृद्धि ध्यान नदिए पनि दुग्धजन्य वस्तुको मूल्यमा वृद्धि गर्न भने लागि परेको उहाँको भनाइ छ । खाने तेल, घ्यु, पनिर, छुर्पीको मूल्य दोब्बरले वृद्धि हुँदा किसानले पाउने मूल्य भने समान रहेको विष्टको भनाइ छ । “सरोकारवाला पक्षले ध्यान नदिँदा हामी किसान परेका छौँ” किसान विष्टले भन्नुभयो,“अनेक दुःख कष्ट गरेर दूध उत्पादन गर्‍यो । बजारमा मूल्य बढ्ने होइन । एक पोका खाने तेलको मूल्य दोब्बरले बढेको छ । व्यावसायिक किसानलाई दूध बेचेको पैसाले दाना किन्न पनि पुग्दैन । ”

केही किसानले दूध उत्पादनको लक्ष्य लिएर व्यावसायिक रुपमा पशुपालन गरिरहेका छन् । तर ती किसान पनि लगानी तथा मेहनत अनुसारको आम्दानी लिन नसकेको गुसानो गर्छन् । उनीहरुलाई उत्पादित दूध सहजरुपमा बजारसम्म जैलाने वातावरण छैन् । सदरमुकाम आसपासमा पर्ने बोखिम, दावा, पोखरे, खुरिला, दुङ्गेलगायत ठाउँका मानिस पराम्परागत रुपमा भए पनि पशुपालन व्यवसाय गरिरहेका छन् । तर उनीहरुमध्ये बजारमा ल्याएर दूध बिक्री गर्न कमै मात्र उत्सुक देखिन्छन् । ग्रामीण भेगमा प्रशस्त मात्रामा दूधको उत्पादन भए पनि सडक तथा अन्य विविध कारणले किसानले बिक्री गर्न असम्भव छ । बजारमा लैजान समस्या हुने भएपछि ती भेगका मानिस खास व्यावसायिक रुपमा दूध उत्पादनमा लागेका छैनन् । स्थानीय सरकारले उपयुक्त वातावरण मिलाई दिए व्यावसायिक रुपमा लाग्ने किसान बताउँछन् । बजारसम्म दूध ल्याएर बेच्न किसानलाई सडकको समस्या छ । केही समय बजारमा ल्याएर दूध बेच्न थालेका किसान पछिल्लो समयमा आएर बेच्न छाडेको अनुभव सुनाउछन् । एक देखि डेढघण्टा लगाएर बिक्री गरेको दूधको खास आम्दानी नहुने भोजपुर नगरपालिका-५ बोखिमका किसान रुपनारायण फूँयालले बताउनुभयो ।

**_अनुदान लिएका उद्योगी तथा व्यवसायीले यस क्षेत्रको विकास र विस्तारमा लगानी गर्न नसकेको स्थानीयवासीको भनाइ छ । सरकारले अनुदानको कार्यक्रम सञ्चालन गर्दा अनुगमन तथा प्राथमिकतालाई कडाइका साथ पालनन गराउनुपर्ने आवश्यक रहेको उनीहरुको ठहर छ ।_**

उहाँले भन्नुभयो,“किसानले दूध बेचर आम्दानी लिने अवस्था छैन । किसानले बजार लगेर बेचेको दूधबाट बनेको परिकारको मूल्य बढ्छ । तर किसानले भने वर्षौंदेखि उही मूल्य पाउने अवस्था छ । दूध बिक्री गरेर घर खर्च धान्न नै समस्या छ ।”व्यावसायिक रुपमा दुग्ध व्यवसाय सञ्चालन गरेकाले दही, घ्यु, पनिर, छुर्पी लगायतको मूल्य बर्सेनि बढाए पनि दूधको मूल्य बढाएर दिन नमान्ने समस्याले पनि दूध बिक्री गर्न छाडेको स्थानीय किसान थापा धनबहादुर थापाको भनाइ छ । उहाँले भन्नुभयो,“हामी किसानले उद्योगमा लगेर बिक्री गर्दा ४५ देखि ५५ रुपैंया पाउछौं । मैले बिक्री गर्न थाल्दा यही मूल्य थियो । उद्योगले प्रति केजी रु ८०० मा बिक्री हुँदै आएको घ्यूको मूल्य रु एक हजार दुई सय र रु ८० मा बेच्दै आएको दही रु ९० पुगेको छ । तर दूधको मूल्य बढाउन व्यवसायी मान्दैनन् । हामी किसान मारमा छौं ।”

व्यावसायिलाई दूधको मूल्य बढाउन अनुरोध गर्दा दूधको गुणस्तर राम्रो भएकोलगायत बहाना देखाएर बढाउन नचाहने किसानको दुःखेसो छ । किसानको दूधको मूल्य नबढाए पनि दुग्धजन्य वस्तुको मूल्य भने बर्सेनि बढ्ने गरेको उनीहरुको भनाइ छ । दूग्ध उद्योग क्षेत्रको विकासका लागि प्रदेश सरकार तथा पशु र कृषि कार्यालयले प्रोत्साहन गर्दै आएका छन् । तर अनुदान लिएका उद्योगी तथा व्यवसायीले यस क्षेत्रको विकास र विस्तारमा लगानी गर्न नसकेको स्थानीयवासीको भनाइ छ । सरकारले अनुदानको कार्यक्रम सञ्चालन गर्दा अनुगमन तथा प्राथमिकतालाई कडाइका साथ पालनन गराउनुपर्ने आवश्यक रहेको उनीहरुको ठहर छ । रासस

# राहत पाउँदा किसान खुसी

सुदूरपश्चिम । बेमौसमी वर्षाले धानबालीमा क्षति व्यहोरेर पीडित हुनुभएका कैलालीको गोदावरी नगरपालिका-८ का किसान मनिराम चौधरी अहिले राहत रकम पाउँदा खुसी हुनुहुन्छ । भित्र्याउन लागिएको धानबालीमा गएको असोज-कात्तिक महिनामा परेको वर्षाले भिजेर क्षति व्यहोर्नु भएका उहाँले ढिलै भए पनि सरकारबाट रु तीन हजार ६०० राहत रकम पाउँदा राहतको अनुभव भएको बताउनुभयो । चौधरीले भन्नुभयो,“राहत पाउन धेरै समय पर्खिनु परेपनि अहिले पाउँदा खुसी छु ।”अर्का किसान सुविराम चौधरीले राहत रकम पाउन पीडित किसानको बैंकमा खाता हुनुपर्ने प्रावधान बनाइएकाले खाता नभएकै कारण कतिपयलाई राहत पाउन ढिलाइ भइरहेको बताउनुभयो ।

“वडा कार्यालयबाट राहत रकम पाउँदा अहिले धेरै किसान खुसी छन्”उहाँले भन्नुभयो,“ आफ्नो गाउँमा धानबालीको क्षति व्यहोरेका कतिपय किसानले रु छ हजारसम्म राहत पाएका छन् ।”जिल्लाको दक्षिणपूर्वी जानकी गाउँपालिकाका लेखापाल जनकराज जोशीले गाउँपालिकामा रु २५ लाखभन्दा बढी रकम राहतबापत् वितरण भइसकेको बताउनुभयो ।

उक्त पालिकामा पीडितलाई राहत वितरण गर्न रु एक करोड आठ लाख रकम निकासा भएको जनाइएको छ । निकासा भएको रकममध्ये रु ८४ लाख वितरण गर्न बाँकी छ । “आसार ११/१२ गतेतिर राहत रकमको चेक गाउँपालिकामा उपलब्ध गराइएको थियो,”उहाँले भन्नुभयो,“पीडितलाई राहत वितरण गर्न बैंकिङ प्रक्रिया पूरा गर्दा गर्दै समय लागेका कारण समयमै सबै रकम वितरण हुन सकेन ।”

उक्त गाउँपालिकामा झण्डै चार हजार किसान बालीमा क्षति पुगेर पीडित भएका र उनीहरुलाई झण्डै रु १७ करोड राहत वितरण गरिसकिएको छ । निकासा भएको मध्ये रु पाँच करोड खर्च हुन नसकेको जनाइएको छ । राहत वितरणका लागि तोकिएको मापदण्ड पूरा गर्न लागेको प्रक्रियाका कारण सबै रकम खर्च हुन नसकेको हो । पीडित किसानको बैंकमा रहेको खातामार्फत् मात्र राहत रकम भक्तानी गर्नुपर्ने मापदण्ड बनाइएको छ । आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा गएको जेठ महिनामा राहत वितरणको काम थालिएको थियो ।

जिल्ला प्रशासन कार्यालयका लेखापाल यदु पौडेलले राहत थोरै भएको भन्दै कतिपय पीडित किसानले राहत लिन त्यति चासो नदेखाएकाले पनि निकासा भएको सबै रकम वितरण हुननसकेको बताउनुभयो । जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार एक कठ्ठादेखि दश कठ्ठासम्म जग्गाको बालीमा क्षति व्यहोरेका साना किसानलाई प्रतिकठ्ठा रु ३२५ का दरले राहत रकम उपलब्ध गराइएको छ । यस्तै दश कठ्ठादेखि साठी कठ्ठा ९तीन बिघा० सम्म जग्गामा क्षति व्यहोरेका मझौला किसानलाई प्रति कठ्ठा रु १२५ र तीन बिघा भन्दामाथि जग्गा भएका पीडित ठूला किसानलाई प्रति कठ्ठा रु ७५ का दरले राहत रकम वितरण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष किरण थापाले पीडित किसानलाई समितिको निर्णय र तोकिएको मापदण्डअनुसार राहत रकम उपलब्ध गराइएको बताउनुभयो । रासस

# निःशुल्क रक्तचाप परीक्षण शिविर सुरु

**टुडे समाचारदाता**

लालबन्दी । सर्लाहीको लालबन्दी नगरपालिकाले शुक्रबारबाट साप्ताहिक निःशुल्क रक्तचाप (ब्लड प्रेसर) परीक्षण शिविर सुरु गरेको छ ।

पहिलो चरणमा नगरको पाँच स्थानबाट शिविर संचालन गर्न थालिएको हो । पूर्व-पश्चिम राजमार्गमा पर्ने वडा नं. १ को नवलपुर, वडा नं. ६ को जनवादी चोक, वडा नं. ७ को मुख्य बजार चोक, वडा नं. ९ को बस्तीपुर र वडा नं. १७ को रानीगञ्जमा शिविर राख्न सुरु गरिएको लालबन्दी नगरपालिका स्वास्थ्य शाखाका सह-संयोजक सुरेन्द्र खतिवडाले जानकारी दिए ।



नगरले आफ्नै स्वास्थ्यकर्मीहरु परिचालन गरेर निःशुल्क रक्तचाप परीक्षण शिविर सुरु गरेको हो । यस्ता किसिमको शिविर संचालन गर्न हामीसँग पर्याप्त स्वास्थ्यकर्मी छन्,' स्वास्थ्य शाखाका सह-संयोजक खतिवडाले भने, शिविरमा आवश्यकता अनुसार प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आभारभूत स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी परिचालन गर्छौं ।

शुक्रबार पहिलो दिन पाँचवटै स्थानमा बिहान ७ बजेदेखि १० बजेसम्म ३ सय ७३ जनाको रक्तचाप परीक्षण गरिएको नगरपालिका कार्यालयले जनाएको छ । अब प्रत्येक शुक्रबार ती पाँचवटै स्थानमा स्वास्थ्यकर्मी राखेर रक्तचाप शिविर चलाइने नगरप्रमुख बासुदेव अधिकारीले बताए ।

शिविरमा रक्तचाप परीक्षण गर्दा जटिल देखिएका बिरामीलाई प्राथमिक स्वास्थ्य केन्द्र डुमडुमे रेफर गरिने बताइएको छ । नगरप्रमुख अधिकारीले पहिलो चरणमा राजमार्ग क्षेत्रमा सञ्चालन गरिएको यस प्रकारको शिविर प्रभावकारिता हेरी आगामी दिनमा अन्य वडाहरुमा पनि सञ्चालन गर्न सकिने बताए ।

सुरुमा राजमार्ग क्षेत्रमा शिविर राखेका छौं, यसबाट कस्तो प्रभाव पर्छ, त्यो हेरौं, प्रभावकारी देखिए अन्य वडामा पनि यो कार्यक्रम लान्छौं,' नगरप्रमुख अधिकारीले भने । १७ वटै वडामा स्वास्थ्यकर्मी उपलब्ध रहेकाले सबैतिर यस प्रकारको शिविर राख्न सकिने नगरप्रमुख अधिकारीको भनाइ छ ।

अधिकारीका अनुसार दुई हप्तापछिबाट रक्तचापसँगै मधुमेहको समेत निःशुल्क परीक्षणको व्यवस्था मिलाउने तयारी भइरहेको छ । यस शिविरबाट नियमित रक्तचापको औषधि सेवन गरिरहेका बिरामी र अन्य व्यक्तिहरुलाई पनि रक्तचापको अवस्था थाहा हुने अपेक्षा गरिएको छ ।

# मुस्कानसहितको सेवाको अन्तर्य

ब्लग :



श्यामसुन्दर शशि

कुरा यसै साताको हो । विहान करीव आठ वजेको समय थियो । दुई जना ट्राफिक प्रहरी सधैजस्तो भानुचौकमा ड्यिुटीमा तैनात भए । टक्क पोसाक लगाएका । कालो चश्मा भिरेका । दुबै खाईलाग्ने उमेरका । हेरु हेरुजस्ता युवाहरु थिए । दुबै जना भानुचौकदेखि कदमचौक जाने बाटोको बिचमा उभेर डिउटी बजाउँन थाले । यही बाटोबाट देउरी,परवाहा,महुवा,कपटौल,पौडेश्वर जस्ता ग्रामीण भेगबाट दूध तरकारी पुऱ्याउन किसानका छोरा छोरी नगर प्रवेश गर्छन । शिवचौक,जानकी मन्दिर जाने बाटोमा उनिहरु किन तैनात भएनन ? मेरो मनमा उब्जेको सवालको आधा जवाफ मैले पाई सके । गाउँबाट विहान जनकपुर आउँनेहरुमा अधिकांश हुन्छन्-घर घरै दूध,तरकारीलगायतका दैनिक सामग्री पुऱ्याउन आउने किसानका छोरा छोरीहरु । तीमध्ये अधिकांश महिला र प्रौढ प्रौढा हुन्छन् । जो पैदल वा सायकलमा आउँछन् । पछिल्लो पटक दूध र तरकारीको व्यावसाय गर्ने युवकहरु मोटरसायकलमा पनि नगर प्रवेश गर्न थालेका छन् । यसका अतिरिक्त अस्पतालमा भर्ना भएका आफ्न्त भेंट्न । विरामी र कुरुवाहरुकालागी खाना पुऱ्याउन तथा अति आवश्यक कामपरेर पनि गाउँका मानिसहरु मोटर सायकलमा जनकपुर आउँने गर्छन ।

दक्षिणतर्फबाट एउटा मोटरसायकल हुंइकिएर आयो । मोटरसायकलमा दुई जना सबार थिए । युवक ड्राइभिङ सिटमा अनि पछाडि थिईन एक जना युवती । ट्राफिक पुलिस जोडले सिटी फुक्यो । मोटरसायकल रोकियो । वार्तालाप सुरु भयो -

- कहाँ हिडेको ?
- सर अस्पताल जाइ छी । माय बेमार है ।
- अनि लायसेन्स र ब्लुबुक खोई ?
- सर लायसेन्स त छ मुदा ब्लुबुक घरेपर छूटि गएको छ । धरफरमे आबि गयो सर । देख्नुस मायके पथ( विरामीले खाने ) लिएर जादै छु ।
- लायसेन्स छोडेर जानोस् । ब्लुबुक लिएर आउनोस अनि फाईन काटेर लायसेन्स फिर्ता लानोस् । ट्राफिक प्रहरी एकै स्वांसमा भनि भ्याए । युवकलाई आमाको जलखै(नास्ता) पुऱ्याउन ढिलो भै रहेको थियो ।
- सर गल्ती भै गयो । एकबेरके लेल माफ क' दिनोस् ।

मोटरसायकलको सांचो गोजीमा राखेर दुबै ट्राफिक पुलिस अर्को सिकारको खोजीमा अलि अगाडी बढि सके । युवा-युवती आपसमा सल्लाह गर्न थाले । युवतीले आफ्ना अबूझ श्रीमानलाई सम्झाए–

- झंझटमे कैला फंसै छी । दू तीन सय द' दियौन । अपने छोडि देत ।
- एहन महग समयमे दू तीनसयसं मानत ? पाँचसयसं कममे काम नै होत ।

अनि युवतीले आफ्नो पर्सबाट झिकेर पाँचसयको नोट श्रीमानलाई दिईन । युवक उक्त रुपैया मुठीमा राखेर प्रहरी नजिक पुगे । एक आपसमा मुठीको आदान-प्रदान भयो । फर्किने वेला युवकको अनुहारमा विजयी मुस्कान थियो अनि हाथमा थियो-मोटरसायकलको सांचोपनि । दुबै जना मोटरसायकलमा सबार भै अस्पतालतर्फ प्रस्थान गरे । जानेवेला अनुहारमा मुस्कान ल्याउदै ट्राफिक प्रहरीले युवकलाई सम्झाए-अब जनकपुर आउँदा लायसेन्स र ब्लुबुक बोकेर आउँनु है...

मलाई ती युवतीको तिक्ष्ण बुद्धीलाई सलाम गर्न मन लाग्यो अनि मुस्कानसहितको सेवा को अन्तर्यपनि बुझियो ।

मध्यान्हदेखि वेलुकासम्म सीता चौकमा गजबको मेला लाग्ने गर्छ । जिप,कार,बस,तीन प्यांग्रे टेम्पोको रेलमपेल हुन्छ । रेल लिकमा थरि थरिका माछाको पसल थापिन्छ । मानिस र छाडा गाई गोरुमा को पहिला रेल लिक पार गर्ने भन्नेमा प्रतिष्पर्धा जस्तै हुन्छ । नवजात बाछा बाछीसहित सडकको बिचमै उभिएका सहरिया मवेशी बहिरो हुन्छन क्यार ? सवारीसाधनको हर्न नसुनेर त बाटोबाट नहटेको होला । ट्राफिक अस्त व्यस्तताको कारण आमजन सास्तीमा रहेको वेला प्रायः ट्राफिक प्रहरी चौकमा हुदैनन् । यदि उपस्थिती छन भन्नेपनि सीता चौक भन्दा पचास मिटर पूर्व बघचौडा,हंसपुर,कठपुल्ला, भगवानपट्टी,मनहरपुर,तेतरिया लगायतका गाउँतर्फ जाने बाटोमा उभिएका हुन्छन् । कारण चौक चौराहाहरुमा सुकिला मुकिलाहरुको संख्या अधिक हुन्छन् । उनिहरुलाई मुस्कानसहितको सेवा दिन गाह्रो हुन्छ । उनिहरु तर्क बितर्क गर्न खप्पीस हुन्छन् । सोर्स फोर्सवालापनि हुन्छन् । ग्रामीण इलाकाबाट आएका सीधा सवारी चालकहरुलाई मुस्कानसहितको सेवा दिन सजिलो हुन्छ ।



मैथिलीमा एउटा उखान छ- 'रजविद्यासं चोरविद्या नम्हर ' अर्थात् चोर, पुलिसभन्दा होसियार हुन्छन् । लायसेन्स र ब्लुबुक नभएका केहि युवकहरु मुस्कानसहितका सेवा दिनेहरुलाईपनि कहिले कांही ठेंङा देखाउदा रैछन् । सीताचौकस्थित पान पसलमा एकजना नवयुवक चौकभन्दा पूर्व मुस्कानसहितको सेवा दिदै गरेका ट्राफिक पुलिसतर्फ इंगित गर्दै आफ्नो विरता बखान गरे - ' तूं डाल डाल मै पात पात......।' मिठापत्ता श्रीजिरो पान चपाउँदै तिन जना मोटरसायकलमा सबार भए । अनि उत्तरतर्फबाट जाने वैकल्पिक बाटोमा अगाडी हुंइकिए । हेलमेट समेत नलगाएका मोटरसायकल चालक जाँदा जाँदै भन्दै थिए - तोरा पाँचसय देबौ , से ओहि ढौवामे कनिमनि फेंटिक' बियर कैला नै पी लेब ।'

मलाई यी युवकहरुको मनोविज्ञान बुझेर भन्न मन लाग्यो- भाई ! हेलमेट लगाउनु आफ्नै लागी हो । लायसेन्स र ब्लुबुक बोक्नु हाम्रो कर्तव्य हो । तिमीहरुको यही चाला रहि रह्यो भन्ने एकन एक दिन ट्राफिक पुलिसमा र अस्पतालमा तिमीहरुले मुस्कानसहितको सेवा अवश्य पाउँने छौ ।

## मधेश प्रदेशसभाको नवौं अधिवेशन अन्त्य

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको चालु नवौं अधिवेशन गएरातिदेखि अन्त्य भएको छ । मधेश प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले प्रदेशसभाको नवौं अधिवेशन अन्त्य गरेका छन् ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकारको सिफारिमा प्रदेश प्रमुख मिश्रले गएराति १२ बजेदेखि प्रदेशसभाको अधिवेशन अन्त्य गरेको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिए ।

यही २०७९ जेठ १९ गतेदेखि सुरु भएको प्रदेशसभाको नवौं अधिवेशनले आर्थिक विनियोजन विधेयकसहित महत्वपूर्ण आठ विधेयक पारित गरेको सचिव यादवले बताए ।

# नयाँ उद्योग दर्तामा कृषि तथा वन्यजन्तु प्राथमिकतामा

**टुडे समाचारदाता**

मलंगवा । घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीमा आर्थिक वर्ष २०७८/०७९ मा दुई हजार एक सय ८७ वटा नयाँ उद्योग दर्ता हुदाँ त्यसमा एक हजार पाँच सय ४१ वटा कृषिजन्य उद्योगहरु दर्ता भएका छन् । बैंक तथा वित्तीय संस्थाहरुले कृषिजन्य उद्योगमा ऋण लगानी गर्न थालेपछि सर्लाहीमा कृषिजन्य उद्योग दर्ता गराउने क्रम ह्वातै बढेको छ ।



आर्थिक वर्ष २०७८/०७९ मा सेवामूलक चार सय १५, उत्पादनमूलक दुई सय ३१ वटा र एक हजार पाँच सय ४१ वटा कृषिजन्य उद्योगहरु गरी जम्मा दुई हजार एक सय ८७ वटा उद्योगहरु दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालय सर्लाहीका प्रमुख जितेन्द्र किशोर गुप्ताले जानकारी दिए । उनका अनुसार अघिल्लो आव २०७७/०७८ मा जम्मा एक हजार नौ सय ४३ वटा नयाँ उद्योगहरु दर्ता भएका थिए ।

आर्थिक वर्ष २०७७/०७८मा पनि आर्थिक वर्ष २०७८/०७९ को जस्तै सबैभन्दा बढी कृषि तथा वन्यजन्तुतर्फ एक हजार तीन सय २४ वटा उद्योगहरु दर्ता भएका थिए भने सेवातर्फ चार सय ३० र उत्पादनतर्फ एक सय ८९ वटा उद्योगहरु दर्ता भएका कार्यालय प्रमुख गुप्ताले जानकारी दिए ।

आर्थिक वर्ष २०७८/०७९ मा नयाँ र वाणिज्यतर्फ दर्ता भएका उद्योगहरुबाट राजश्ववापत रु दुई करोड ९१ हजार नौ सय सङ्कलन भएको कार्यालयले जनाएको छ । विगतका दिनहरुमा कार्यालयको अवस्था जे जस्तो रहेको भएपनि अहिले भने सेवाग्राहीहरुलाई सहज र छिटो छरितो तरिकाले सेवा प्रदान गर्दै आएको कार्यालय प्रमुख गुप्ताले बताए ।

जिल्लामा आर्थिक वर्ष २०७८/०७९ मा पाँच हजार चार सय ३० जना पुरुष तथा ३६ हजार ५० जना महिलाहरुले रोजगारी पाएका छन् ।

# मुसहर बालबालिकालाई जन्मदर्ता

**टुडे समाचारदाता**

बरहथवा । सर्लाहीको बरहथवा नगरपालिका-८, टाँडीमा वडाध्यक्ष आफै सूचक बसेर ६ जना मुसहर बालबालिकाको जन्मदर्ता बनाइदिएका छन् ।



बुवाआमाको नागरिकता नभएर ८/९ वर्षसम्म पनि जन्मदर्ताविहीन रहेका ६ जना मुसहर बालबालिकाको वडाध्यक्ष राजकिशोर महतो सूचक बसेर जन्मदर्ता दिलाएका हुन् । टाँडीका लिला माझीले छोरी रोशनीकुमारी माझीको ९ वर्ष र छोरा सागर माझीको ८ वर्षको उमेरमा जन्मदर्ता बनेको बताइन् ।

जन्मसिद्धका कारण आफूहरुले नागरिकता बनाउन नपाएपछि वडाध्यक्ष सूचक बसेर छोराछोरीलाई जन्मदर्ता बनाइदिंदा उनी खुशी छन् । स्थानीय पञ्जिकाधिकारी अर्थात् वडा सचिव पार्वतीकुमारी गिरीले २०७० पुस १० गते जन्मिएका लिलाका छोरी रोशनीकुमारी र २०७१ माघ १७ गते जन्मिएका सागर माझीको जन्मदर्ता जारी गरिदिएकी हुन् ।

टाँडीकै रीनाकुमारी माझीका छोरी सोना माझीले पनि पाँच वर्षको उमेरमा जन्मदर्ता पाएकी छन् । छोरीले ढिलै भए पनि जन्मदर्ता पाएको र अब विद्यालय भर्ना गरेर पढाउने रीनाकुमारीले बताइन् ।

प्रचलित कानूनमा आमा बुवाको नागरिकता नभए पनि वडाध्यक्ष सूचक बसेर बालबालिकाको जन्मदर्ता बनाइदिन सक्ने व्यवस्था छ । कानून बमोजिम वडा कार्यालयबाट पहिलो पटक वडाध्यक्ष सूचक बसी जन्मदर्ता बनाउने काम गरिएको वडा सचिव गिरीले बताइन् ।

परिवारमा कसैको नागरिकता नभएका छ जना बालबालिकाको वडाध्यक्ष र दुई जना बालबालिकाको नागरिकता भएका आफ्नै हजुरबुवा सूचक बसेर जन्मदर्ता दिलाएका वडा सचिव गिरीले बताइन् । तराई मधेशमा अत्यन्तै पिछडिएको र ज्याला मजदुरी गरेर जीवन धान्ने दलित मुसहर समुदायका धेरैको नागरिकता छैन् भने अभिभावकको नागरिकता नभएकै कारण उनीहरुका बालबच्चाले जन्मदर्ता पाएका छैनन् ।

आमाबुवाको पहिचान भएपछि वडाध्यक्ष सूचक बसेर बालबालिकालाई जन्मदर्ता दिलाउन सक्ने भए पनि यसतर्फ जनप्रतिनिधिले चासो देखाएका छैनन् । मुसहर समुदायको उत्थानका लागि अन्डेफको सहयोगमा काम गरिरहेको साप नेपाल नामक संस्थाले पहल गरेर बरहथवाको टाँडीसहित चन्द्रनगर गाउँपालिका, हरिपुर नगरपालिका र बसबरिया गाउँपालिकाका विभिन्न मुसहर बस्तीका बालबालिकालाई जन्मदर्ता दिलाउन अभियान नै चलाएको छ ।

साप नेपालका कार्यक्रम संयोजक जनक कार्कीले धेरै मुसहर बालबालिकाको जन्मदर्ता नभएकै कारण विद्यालयहरुले भर्ना नलिने गरेको पाइएको बताए । जन्मसिद्ध नागरिकताको विवाद किनारा नलाग्दा तराईमा भूमिपुत्र भनेर चिनिने धेरै मुसहर नागरिकताविहीन छन् ।

# श्रीमतीको हत्या आरोपमा श्रीमान पक्राउ

**टुडे समाचारदाता**

पर्सा । श्रीमतीको हत्या आरोपमा पर्सामा प्रहरीले श्रीमानलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्साको वीरगञ्ज महानगरपालिका-२३ का दिनेश प्रसाद यादव रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

२६ वर्षका दिनेशले २३ वर्षीया पत्नी प्रतिमा कुमारी यादवको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

शुक्रवार विहान वीरगञ्ज-२३ ईटियाही टोलमा दिनेशले श्रीमतीको घाँटी थिचेर हत्या गरेको अनुसन्धानबाट थाहा भएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी प्रल्हाद कार्कीले बताए ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# एक बालिकाको मृत्यु

**टुडे समाचारदाता**

बोदेबसाईन । सप्तरीमा पोखरीमा डुबेर एक बालिकाको ज्यान गएको छ ।

बोदेबर्साईन नगरपालिका -८ काचन बस्ने मिता राम दासकी ६ वर्षीया छोरी नन्दनी कुमारी दासको डुबेर मृत्यु भएको हो ।

स्थानीय लक्ष्मी साहको पोखरीमा नुहाउने क्रममा डुबेर बालिका सिकिस्त भएकी थिइन् । उनलाई उपचारको लागि शत्रुधन अस्पताल बोदेबर्साईन सप्तरीमा लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

बालिकाको शव पोस्टमार्टम गरी परिवारजनको जिम्म लगाइएको र घटना विषयमा थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

# व्यापक मात्रामा कर्मचारीको ठाउँ हेरफेर

**टुडे समाचारदाता**

कलैया । कर्मचारीहरुको कामकाजलाईलिएरसेवाग्राहीबाटगुनासो आउन थालेपछि जीतपुरसिमरा उपमहानगरपालिकाले व्यापक मात्रामा कर्मचारीको ठाउँ हेरफेर गरेको छ । उपमहानगरपालिकाको शाखा प्रमुख,वडा सचिव र सहायक स्तरको कर्मचारी गरी ३५ जना कर्मचारीको ठाउँ हेरफेर गरिएको छ ।



उपमहानगरपालिकाले खटाएको शाखा र वडाहरुमा कतिपय कर्मचारीहरु हाजिरी गर्न मानेका छैनन् । उनीहरुले पहिलेकै स्थानमा काम गर्न पाउनुपर्ने माग गर्दै अटेरी गरेका छन् कुनै कुनै वडामा वडा अध्यक्षले नै अरु वडा सचिवलाई हाजिर गराउन चाहेका छैनन् । केही कर्मचारीले आश्चर्यजनक रुपमा आफू उपस्थित नहुँदा सम्मकोलागि बिदा लिएका छन् । जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत चेत कुमार पोखेलले कार्यालयबाट खटाएको स्थानमा जान नमान्ने कर्मचारी उपर कारबाही गर्ने चेतावनी दिएका छा् । उनले खटाएको स्थानमा नगए करारका कर्मचारीहरुलाई जागिरबाट निष्कासन गरिने र स्थायी कर्मचारीको हकमा भने तलब रोक्का देखि विभागीय कारबाही गरिने बताए ।

प्रमुख प्रशासकीय अधिकृत पोखेलले अनुशासित भएर काम गर्ने कि जागिर छाड्ने आफै निर्णय गर्नुपर्ने बता । २१ दिनभित्र तोकिएको स्थानमा कर्मचारीहरु जान नमानेको खण्डमा उपमहानगरपालिकाले कारबाहीको प्रक्रिया अघि बढाउने जनाएको छ ।

# विधेयक प्रमाणीकरण गर्न राष्ट्रपतिसँग आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । दुबै सदनबाट पास भएको नागरिकता विधेयक अबिलम्ब प्रमाणीकरण गर्न नेपाली कांग्रेस मधेश प्रदेश कार्यसम्पादन समितिको बैठकले राष्ट्रपति विद्यादेवी भण्डारीलाई आग्रह गरेको छ ।

पार्टीको प्रदेश कार्यालय जनकपुरधाममा बसको बैठकले राष्ट्रपति भण्डारीलाई नागरिकता विधेयक अबिलम्ब प्रमाणीकरण गर्न आग्रह गरेको हो । राष्ट्रपति भण्डारीले संसद्का दुवै सदनले पारित गरेर पठाएको नागरिकता विधेयक करिब दुई सातादेखि 'विचाराधीन' अवस्थामा राखेकी छन्।



यस्तै समितिले मधेश प्रदेशका संघीय र प्रदेशसभा निर्वाचनको क्षेत्रको वस्तुगत विश्लेषण गरी प्रतिवेदन पेश गर्न जिल्ला प्रतिनिधि खटाउने निर्णय गरेको छ ।

# त्रिसट्ठी स्थानीय तहले बजेट पेश गरेनन्

**टुडे समाचारदाता**

वीरगञ्ज । देशका सात सय त्रिपन्न पालिकामध्ये हालसम्म ६३ स्थानीय तहले चालु आवको बजेट विवरण पेश गरेका छैनन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बजेट प्रविष्ट गराएपछि चालु आवको कारोबार सुरु भएर भुक्तानी प्रक्रिया सुरु हुनेमा हालसम्म ६३ पालिकाले बजेट विवरण पेश नगरेको मन्त्रालयको स्थानीय तह समन्वय शाखाका प्रमुख रेशम कँडेलले जानकारी दिए ।

मन्त्रालयका अनुसार हालसम्म पनि बजेट विवरण प्रविष्ट नगरेका स्थानीय तहमध्ये सबैभन्दा बढी मधेश प्रदेशका ३९ स्थानीय तह छन् । मधेश प्रदेशमा कुल १३६ वटा पालिका छन् । मन्त्रालयका अनुसार हालसम्म बजेट विवरण प्रविष्ट नगराएका स्थानीय तहमध्ये प्रदेश नं १ मा तीन, बागमती प्रदेशमा चार, लुम्बिनीमा दश, कर्णाली प्रदेशमा तीन र सुदूरपश्चिम प्रदेशमा चार स्थानीय तह छन् ।

गण्डकी प्रदेशका सबै पालिकाले बजेट विवरण प्रविष्ट गराइसकेका छन् । उक्त मन्त्रालयले बजेट प्रविष्ट गराएका स्थानीय तहलाई चाँडै शीर्षकअनुसार मन्त्रालयको बजेट विवरण प्रविष्ट गर्न निर्देशन गरिसकिएको प्रवक्ता एवं सहसचिव वसन्त अधिकारीले जानकारी दिए ।

नियमतः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ को उपदफा (६) मा नगर/गाउँसभाले असार मसान्तसम्म आगामी चालु आर्थिक वर्षको बजेट पारित गरिसक्नुपर्ने व्यवस्था छ । स्थानीय तहको सभाबाट आर्थिक वर्ष २०७९/८० को बजेट पारित भएको विवरण अनिवार्यरुपमा उक्त मन्त्रालयको पोर्टलमा प्रविष्ट गर्न बाँकी रहेका पालिककालाई पत्राचार गरिसकिएको हो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८